म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १७६ मंगलबार, २७ माघ २०८२ ने. सं. ११४६ सिल्लागा 10 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

### माडी घोषणापत्र जारी गर्दै सालक सम्मेलन सकियो

## संरक्षणका लागि अनुसन्धान अगाडि बढाइने

भानुभक्त आचार्य

माडी, चितवन, २६ माघ/ ७ बुँदे माडी घोषणापत्र जारी बागमती प्रदेश सरकारको प्रथम सालक सम्मेलन सकिएको छ ।

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयको आयोजना एवम् डिभिजन वन कार्यालय चितवनको संयोजनमा नेपालमै पहिलोपटक चितवनको माडीमा सालक सम्मेलन भएको हो । सम्मेलनको प्रदेशका वन तथा वातावरण मन्त्री भरत केसीले उद्घाटन गरेका हुन् । उनले सालक संरक्षणलाई वन संरक्षणसँग जोड्नु पर्ने बताए । 'सालक मानव र वन्यजन्तुबीचको सारथी रहेको छ' मन्त्री केसीले भने । सालकको आहारा (धमिरा) नष्ट हुँदै गएकोले सालकमैत्री वातावरण बनाउने कार्ययोजना बनाएर अघि बढ्ने उनले बताए । पारिस्थिक प्रणाली सन्तुलित राख्न सबैको सहकार्य आवश्यक भएको मन्त्री केसीको धारणा थियो ।

प्रदेशको निवर्तमान वनमन्त्री कृष्णप्रसाद सिलवालले सालकको पहिलो शत्रु डढेलो भएका कारण वनडढेलो नियन्त्रण गर्नुपर्ने बताए । सालकको तस्करी रोक्न कानुनी कारबाहीलाई सफल कार्यान्वयन तथा प्रभावकारी बनाउनु पर्ने सिलवालले बताए । बागमती प्रदेशका डिभिजन वन कार्यालय प्रमुखहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, चितवन राष्ट्रिय निकुञ्ज, सामुदायिक वनका प्रतिनिधि र संरक्षाणकर्मीको सहभागितामा सालक सम्मेलन गरिएको हो । सम्मेलनमा संरक्षित वन्यजन्तु सालकको अहिलेको अवस्था, संरक्षण गर्नुपर्ने कारण, चुनौतीलगायतका विषयमा छलफल गरिएको थियो ।

सालक किसानको साथी भएकाले यसको संरक्षण अपरिहार्य रहेको डिभिजन वन कार्यालय चितवन प्रमुख विष्णुप्रसाद आचार्यले जनाकारी दिए । राष्ट्रिय निकुञ्ज ऐन २०२९ ले संरक्षित वन्यजन्तुका रुपमा सालकलाई राखेको र सालक अहिले लोपोन्मुख अवस्थामा पुगेको पाइन्छ । यसको संरक्षणका लागि सबैको हातेमालो आवश्यक रहेको आचार्यको कार्यपत्रमा समाबिष्ट थियो । बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले प्रदेश सरकारले सालकको संरक्षणका लागि नीति तथा कार्यक्रम नै बनाएर काम अघि बढाएको बताए ।



आगामी वर्षदेखि नियमितरुपमा सालक संरक्षणका लागि काम गरिने सचिव बरालले बताए । केही वर्षपछि सालक हेर्नका लागि बागमती प्रदेश जाउँ भन्ने बनाउनका लागि यो कार्यक्रम महत्वपूर्ण रहेको बरालको भनाइ थियो । सामुदायिक वन र सालक संरक्षणमा लागेका सबैलाई एकीकृत गर्न यो कार्यक्रम फलदायी हुने बताइएको छ । स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समितिसँग सालकको बासस्थान, खानेकुरा संर क्षणलाई अभियानकारुपमा अघि बढाइने भएको छ ।

कार्यक्रममा डिभिजन वन चितवनका प्रमुख आचार्य, त्रिवि जीवविज्ञान बिभागका सहप्राध्यापक डा. हरि शर्मा, डिभिजन वन कार्यालय मकवानपुरका प्रमुख राकेश चन्द्रबंशीले कार्यपत्र प्रस्तुत गरेका थिए । बागमती प्रदेशको जिल्ला वन, डिभिजन वन, भू तथा जलाधार, सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि, संचारकर्मी, स्थानीयको सहभागिता रहेको थियो ।

**यस्तो छ माडी घोषणापत्र**ः

१. सालक पाइने वन र संरक्षित क्षेत्रमा संरक्षण तथा वासस्थान व्यवस्थापन, संरक्षण शिक्षा अभिवृद्धिलगायतका कार्य सरोकारवाला निकायको पहलमा कार्यान्वयन गर्ने गराउने ।
२. चोरीशिकार तथा अवैध व्यापार नियन्त्रणका लागि तीनै तहका सरकार, संरक्षण साझेदार संघ संस्थाहरु, स्थानीय समुदायको सहयोगमा सामूहिक पहल गर्ने ।
३. नेपाल सरकारले तर्जुमा गरेको सालक संरक्षण कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न प्रदेशस्तरीय योजना बनाइ सोको लागि आवश्यक साधनस्रोत जुटाइ लागू गर्ने ।
४. स्थानीय समुदायको सहभागितामा राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय संघसंस्था, विश्वविद्यालय, तीनै तहका सरकारको सहकार्यमा सालक संरक्षणका लागि आवश्यक अध्ययन अनुसन्धान अगाडि बढाउने ।
५. सालक संरक्षणका लागि स्थानीयको सक्रिय सहभागितागिता र अपनत्व हुने गरी संरक्षण कार्ययोजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने ।
६. अन्य सबै प्रदेश तथा राष्ट्रियस्तरमा सालक सम्मेलन गर्न वागमती प्रदेश सरकारमार्फत अनुरोध गर्ने ।
७. सम्मेलनमा मुख्यमन्त्रीज्युको सन्देशमा सालकलाई प्रदेश गौरवको जनावर घोषणा गरी यसको संरक्षणमा नीति कार्यक्रम सहितको उचित बजेट व्यवस्थापनको प्रतिवद्धता जाहेर गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दै सोको वैधानिकता प्रदान गर्न आवश्यक पहल गर्ने ।

**सालकको परिचय**ः

सालक लोपोन्मुख वन्यजन्तु हो । यो जनावर प्रायः नेपाल, भारत, चीन लगायतका दक्षिण एसियाली राष्ट्र तथा अफ्रिकाका उष्ण भू-भागमा पाइन्छ ।

यसको शरीरमा ठुलाठुला कत्लाले ढाकेको हुन्छ । खबटा मुनि पहेँला जगरजस्ता रौं उम्रेका हुन्छन् । यी रौं कत्लाको बीचबाट बाहिर निस्केको देखिन्छ र रौं धेरै हुँदा सालक सुनौलो पहेँलो रंगको देखिन्छ । यसले पुच्छरको सहायताबात रुखको हाँगामा झुन्डिन सक्छ । समुद्री सतहदेखि करिब दुई हजार मिटर सम्मको उचाइका वनजंगलमा सालक पाइन्छ । अति लजालु, संवेदनशील एवं शान्त वातावरणमा बस्न रुचाउने सालकले मानिसलाई कुनै क्षति गर्दैन । एक बेतमा एउटा मात्र बच्चाको जन्मदर हुन्छ ।

यो जनावरले आफूलाई खतरा महसुश भएमा त्यसबाट जोगिन गुँडुल्किएर भकुण्डो जस्तै डल्लो पर्छ । यसरी जोगिन आफ्ना बलिया मांसपेशीको पकडले एकै ठाउँमा टाँसिएर गुँडुल्किरहन सक्छ । विश्वभर आठ जातिका सालक पाइन्छन् । नेपालमा भने संकटग्रस्त कालो सालक र लोपोन्मुख तामे सालक मात्र पाइन्छन् । तर, पनि धादिङको थाङसिङ बेसी, काभ्रेको बलथली, काठमाडौंको नागार्जुन, रामेछापका केही स्थानमा सेतो सालक पनि पाइने वन्यजन्तुविज्ञ बताउँछन् । २ हजार ५ सय मिटर उचाइको सालको जंगलमा भेटिने सालकको दाँत हुँदैन । ६० देखि ७० सेन्टिमिटरसम्म फैलने यस्ले जिब्रोले धमिरा र कमिलाको प्रायः धमिरा र कमिला खान्छ । राति आहार खोज्न निस्कने सालक माटोकै रंगको भएकाले छुट्टयाउन मुस्किल पर्छ ।

**लोप हुनुका कारण**ः

सालकको मासु तथा खपेटा परम्परागत औषधिउपचारमा प्रयोग गर्न मिल्छ भन्ने अन्धविश्वास सालक संरक्षणको एउटा महत्पूर्ण चुनौती हो । यही कारण सालक अवैध चोरीशिकारको उच्च जोखिममा छन् । अत्याधिक वन फँडानी, अव्यवस्थित पूर्वाधार विकास र व्यापक कृषि विस्तारको कारणले गर्दा सालकको बासस्थान पनि घट्दैछन् । स्थानीय तहमा संरक्षण शिक्षा कार्यक्रम र जनचेतनाको कमी पनि सालक संरक्षणको महत्पूर्ण चुनौती हो । सालकको यथाशीघ्र संरक्षण नगरे यो प्रजाति विश्वबाट नै लोप हुने अवस्था देखिन्छ ।

**सालकको संरक्षण किन गर्ने ?**

एउटा वयस्क सालकले प्रतिवर्ष अन्दाजी ७ करोड कमिला तथा धमिरा खाने गर्छँ । यसरी वन तथा कृषिक्षेत्रमा पाइने हानिकारक कीराको सेवन गरी वार्षिकरुपमा सालकले करौडौ रुपैयाँको क्षति रोकथाम गर्न मद्दत गर्छँ । यी कीराबाट वनजङ्गलमा पुग्ने अतुलनीय क्षतिलाई कम गर्दै सालकले पारिस्थितिकीय प्रणालीलाई चुस्त बनाई वनको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्दछ । फलस्वरुप प्राकृतिक प्रकोपबाट हुने क्षति न्युनीकरण गर्न मद्दत पनि गर्छ । यसले माटोलाई खन्नेर खुकुलो पार्दछ र माटोको उर्वराशक्ति बढ्न मद्दत गर्छ । यसले खनेका दुलामा अरु जीवले पनि आश्रय लिने हुदा वनको जैविक विविधता बढाउन पनि उल्लेखनीय योगदान गर्छ । यतिमात्र नभई स्थानीय सामूदायले सालकलाइ मुख्य आकर्षण गरी पर्यटन ब्यवस्थापन गर्न सकिन्छ ।

## हेटौंडा औद्योगिक क्षेत्रमा थप दुई उद्योग सञ्चालनमा



साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ मकवानपुरको हेटौंडा औद्योगिक क्षेत्रमा पछिल्लो समय उद्योग थपिने क्रम बढ्दै गएको छ । यसैक्रममा पछिल्लो पटक औद्योगिक क्षेत्रमा थप दुईवटा उद्योग सञ्चालनमा आएका छन् ।

माघको पहिलो सातादेखि प्रिसिअस ओइस्ट रिफायनरी प्रालिले पुराना इलेक्ट्रोनिक्स सामानको प्रशोधन गरी नयाँ धातु उत्पादन गर्ने नयाँ उद्योगबाट परीक्षण उत्पादन सुरु गरेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी रमेशराज नेपालले जानकारी दिए । यस्ता प्रकृतिको उद्योग सम्भवत: नेपालमै पहिलोपटक सञ्चालनमा आएको उनको भनाइ छ । त्यसैगरी, गत कात्तिकबाट राधाकृष्ण सेन्थेटिक प्रालिले पूर्णरुपमा प्लास्टिकको बोरा उत्पादन गर्न सुरु गरिसकेको छ ।

सूचना अधिकारी नेपालका अनुसार लामो समयदेखि बन्द रहेका उद्योगमध्ये नेपाल ब्रुअरीले नयाँ व्यवस्थापनसहित केही दिनभित्रै सञ्चालनको तयारीमा छ भने त्रिपुरा इन्डस्ट्रिजले नयाँ उद्योगकारुपमा टोबाको उद्योग सञ्चालन गर्न लागेको छ ।

औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगमध्ये पछिल्लो केही महिनादेखि लगानीको अभाव देखाउँदै रोटो प्रिन्टिङ उद्योग (प्लास्टिकमा प्रिन्ट गर्ने) र नोबोल प्याकेजिङले उत्पादन बन्द गरेको सूचना अधिकारी नेपालले बताए । औद्योगिक क्षेत्रमा हाल विभिन्न प्रकारका १३ वटा उद्योग सञ्चालनका लागि निर्माणाधीन अवस्थामा छन् । निर्माणाधीन अवस्थामा रहेकामध्ये अधिकांश उद्योग निर्माणको अन्तिमचरणमा रहेको उनको भनाइ छ ।

अमेरिकी सरकारको आर्थिक सहयोगमा विसं २०२० मंसिर २० गते स्थापना भएको यो औद्योगिक क्षेत्रभित्र हाल १४७ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् । कुल तीन हजार २२८ रोपनी क्षेत्रफलमा फैलिएको यो औद्योगिक क्षेत्रभित्र अहिले खाद्य उद्योग, युनाइटेड ब्रुअरी (पेयपदार्थ), गोर्खा ब्रुअरी कम्पनी, एसियन पेन्ट्स, पशु आहारा दाना उद्योग, कार्टुन उद्योग प्रमुख उद्योगकारुपमा सञ्चालनमा छन् । यस्तै, औद्योगिक क्षेत्र परिसरमा सरकारको स्वामित्वमा रहेको हेटौंडा दुग्ध वितरण आयोजना, प्रदेश खाद्य तथा गुण नियन्त्रण कार्यालय, प्रदेश बीउबिजन कम्पनी, प्रदेश माटो परीक्षण कार्यालय, इलाका प्रहरी कार्यालय र नेपाल बैंक लिमिटेड शाखालगायत कम्पनी सञ्चालनमा रहँदै आएको सूचना अधिकारी नेपालले जानकारी दिए ।

कुल जग्गा क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार १७८ रोपनी, खाली जमिन २६.५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकास लगायत संरचना निर्माण क्षेत्रफल ५९७ रोपनी रहेको छ । औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ छन् ।

## माध्यमिक तहका १३ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर



साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ नेपालमा शिक्षा र बालसुरक्षाको क्षेत्रमा केही प्रगति भएपनि माध्यमिक तहको शिक्षामा ठुलो संख्यामा बालबालिका विद्यालय बाहिरै रहेको पाइएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१-८२ अनुसार माध्यमिक विद्यालय (कक्षा ९-१२) उमेर समूहका १३.२ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् । आधारभूत तहमा भने यो दर केही कम छ, जहाँ कक्षा १-५ मा ४.५ प्रतिशत र कक्षा ६-८ मा ३.६ प्रतिशत बालबालिका शिक्षाको पहुँचबाट टाढा रहेका छन् । सर्वेक्षणले नेपाली बालबालिकाको पारिवारिक अवस्था र वैदेशिक रोजगारीको प्रभावलाई पनि छर्लङ्ग पारेको छ । १७ वर्षमुनिका करिब ३३.२ प्रतिशत बालबालिकाका आमाबाबुमध्ये कोही एक वा दुवैजना विदेशमा बसोबास गर्छन् ।

वैदेशिक रोजगारीको यो प्रभाव सबैभन्दा बढी गण्डकी प्रदेशमा देखिएको छ, जहाँ ४०.८ प्रतिशत बालबालिकाका अभिभावक विदेशमा छन् भने बागमती प्रदेशमा यो दर सबैभन्दा कम २१ प्रतिशत मात्र छ । त्यस्तै, ३.४ प्रतिशत बालबालिकाले आफ्ना जन्मदिने आमाबाबुमध्ये कोही एक वा दुवैलाई गुमाइसकेको तथ्यांकले देखाएको छ । बालसुरक्षा र कानुनी पहिचानको सवालमा भने कर्णाली प्रदेशले देशकै उत्कृष्ट नतिजा हात पारेको छ । ५ वर्षमुनिका बालबालिकाको जन्मदर्तामा कर्णाली प्रदेश ९५.८ प्रतिशतका साथ पहिलो स्थानमा छ भने कोशी प्रदेशमा सबैभन्दा कम ७८.४ प्रतिशत मात्र जन्मदर्ता भएको छ ।

समग्रमा देशभरका ८५.४ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको पाइएको छ । अभिभावकमा जन्मदर्ता प्रक्रियाबारे चेतनाको स्तर पनि ८२.९ प्रतिशत पुगेको देखिन्छ, जुन बालअधिकारको क्षेत्रमा सकारात्मक उपलब्धि हो । यता स्वास्थ्य बीमाको क्षेत्रमा भने नेपालीको आकर्षण अझै कम देखिएको छ । तथ्यांकअनुसार १५ देखि ४९ वर्ष उमेर समूहका १७.८ प्रतिशत महिला र १९.६ प्रतिशत पुरुषले मात्र स्वास्थ्य बीमा गरेका छन् । बालबालिकाको हकमा यो अवस्था झनै कमजोर छ । ५ देखि १७ वर्षका १५ प्रतिशत र ५ वर्षमुनिका ११.७ प्रतिशत बालबालिका मात्र बीमाको दायरामा समेटिएका छन् ।

## किसानका पीडा संसदसम्म पुऱ्याउने भरिया हुँ: महेश बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/नेकपा (एमाले) मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का उम्मेदवार महेश कुमार बर्तौलाले आफू किसानका समस्या र पीडा नीति निर्माण तहसम्म पुऱ्याउने 'भरिया' भएको बताएका छन् ।

निर्वाचन लक्षित कार्यक्रम अन्तर्गत सोमबार मकवानपुरगढीका विभिन्न वडामा मतदातासँग अन्तरक्रिया गर्दै उनले यस्तो धारणा व्यक्त गरेका हुन् । बर्तौलाले मकवानपुरगढी-५ र ६ का डुम्रेकुना, झल्ला, बुँदल, धादिङ, भालुखोला, बागदली र ज्यामिरे क्षेत्रमा पुगेर स्थानीय समस्या सुन्नुका साथै भावी योजना सार्वजनिक गरे । एमालेका निर्वाचन फोकल पर्सन आशिष अस्लामीका अनुसार बर्तौलाले अघिल्लो ३२ महिने कार्यकालमा मल, बीउ, तरकारीको मूल्य, खसीबोकाको बजारीकरण र दुग्ध किसानको भुक्तानीका विषयमा निरन्तर संसदमा आवाज उठाएका थिए ।

अन्तरक्रियामा स्थानीय नेताले सामरी बस्तीको सुरक्षा, अस्पताल व्यवस्थापन, शीतभण्डार सञ्चालन र सडक पूर्वाधारमा बर्तौलाको भूमिकाको अपेक्षा व्यक्त गरे । सहभागीले आगामी फागुन २१ को निर्वाचनमा बर्तौलालाई जिताउन अपिल गरे । भेटघाटकै क्रममा बर्तौलाले शिक्षा र पूर्वाधार क्षेत्रमा आफ्नै पहलमा अघि बढेका योजनाको जानकारी दिँदै जाल्पादेवी मावि भवन निर्माण, मकवानपुरगढी खानेपानी आयोजना र सरङपुर पक्की पुल निर्माण उल्लेख गरे । आगामी दिनमा सामरीखोला तटबन्धन तथा अधुरा विकास निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाउँदै उनले एमालेको सूर्यचिह्नमा मतदान गर्न आग्रह गरे ।



साझाकुरा

## हाम्रो कुरा

# 'कानुन बनाएर गाँजाखेती'

प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)बाट मकवानपुर-२ मा उम्मेदवार बनेका सन्तोष विष्टले गाँजाखेतीलाई प्रमुख चुनावी एजेन्डा बनाएका छन् । चुनाव प्रचारको क्रममा क्षेत्र नं. २ का मतदातासमक्ष विष्टले चुनावी एजेन्डा प्रस्तुत गर्दै मकवानपुर-२ मा किसानका मुख्य समस्या गाँजाखेती रहेकाले कानुनी दायरामा ल्याएर खुला गर्नुपर्ने बताए । प्रतिबन्धित लागुऔषधको रुपमा जनतालाई दुःख दिने काम भइरहेको भन्दै बिष्टले सबैले ओठे प्रतिबद्धता जाहेर गरिरहेका आरोप लगाएका छन् । उनले आफू निर्वाचित भएमा यो एजेन्डालाई संसदमा पेश गर्ने प्रतिबद्धता जनाए । यदि कथमकदाचित निर्वाचित नभएको खण्डमा पनि आजीवन यो एजेन्डालाई नछाड्ने विष्टले स्पष्ट पारे ।केही दिन अघि बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले कानुन बनाएर मकवानपुरका किसानलाई गाँजाखेती गर्न दिइने बताएका थिए । कानुन बनाएरै गाँजाखेतीलाई वैद्यता दिनुपर्ने बताउने मुख्यमन्त्रीलाई कानुन बनाउन कसैले पनि रोकेको थिएन । यही कुरा बिगतमा बिरोध खतिवडाले पनि भनेका हुन् । चुनावको समयमा बिकट बस्तीमा गएर आस्वासन बाँढ्ने काम भन्दा बाहेक सिन्को पनि भाँचिएको छैन । ग्रामीण क्षेत्रका निरीह किसानलाई गाँजाखेतीको आशा देखाएर 'मनको लड्डु घीउसँग' भन्ने उखान मात्र हो ।

हाम्रो समाजमा उउटा उखान छ 'जेठो मामाको कुन गति, कान्छो मामाको झन भाङ्गाको धोती' । अर्थात भाषण गर्ने भन्दा अरु कुनै प्रगति हुनै सकेन । तिनै माननीय बनेकाहरुले गाँजाबाट बनेको कोट लगाएर हिडिरहेका छन् । यो सबै भाषणका लागि बोलिने शब्द हुन् । यतिबेला मकवानपुरको कैलाश र राक्सिराङका सयौं युवा गाँजा बोकेको अभियोगमा भीमफेदी कारागारमा छन् । गाँजाको ब्यापारी अहिलेसम्म पक्राउ पर्न सकेको छैन केवल २/४ हजार हातपर्ने लोभमा भारी बोक्न तम्सिएका युवा कारागार पुगेका छन् । गाउँलेले गरेको गाँजाखेती पनि बेलाबेलामा प्रहरी गएर सिनित्तै फाँड्ने गरेको छ । मुख्यमन्त्री बानियाँले स्थानीय तहसँगको सहकार्यमा आगामी वर्ष कोदो, मकैको घरेलु रक्सीलाई वैधानिकता प्रदान गर्ने आश्वासन पनि बाँडेका छन् । यो सबै आश्वासन बाँड्नुभन्दा पहिला प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने कानुन संशोधन गर्नीतिर लाग्दा राम्रो हुनेथियो । भाषण ठोक्दैमा पदावधि सकिन्छ अनि 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भनेझैं हुनेछ । प्रदेश सरकार प्रमुख भएको समयमा केही नयाँ कामको सुरुवात गर्दा राम्रो हुन्छ । गाँजाखेतीलाई बैधानिकता दिने कानुन बनाउन धेरै ठूलो चुनौती पनि थिएन । किनभने २०३० साल अघि नेपालमा गाँजाखेतीका लागि पञ्चायती सरकारले इजाजतपत्र दिने गरेको थियो । करिव ५ दसक अघिसम्म बैधानिक भएको गाँजाखेती अन्तर्राष्ट्रिय समुदायको दवाबमा तत्कालीन नेपाल सरकारले प्रतिबन्ध लगाएको हो । खासगरी त्यतिबेला अमेरिकी दवाबका कारण नेपालमा गाँजाखेतीमा प्रतिबन्ध लगाइएको थियो । सन् १९६१ मा संयुक्त राष्ट्रसंघको सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि 'सिङ्गल कन्भेन्सन अन नार्कोटिक ड्रग १९६१' पारित गरेको थियो । जसले गाँजालाई लागुऔषध मान्दै प्रतिबन्ध लगाउने अवस्था सृजना भयो । नेपालले यो अभिसन्धिमा हस्ताक्षर गरेपछि सन् १९७६ मा लागुऔषध नियन्त्रणसम्बन्धी कानुन बनायो र गाँजाखेतीलाई अबैध भन्दियो । त्यसमा गाँजाखेती, भण्डारण, सेवन र बिक्री वितरणलाई अवैधानिक र दण्डनीय अपराध मानियो । पाँचचोटी संशोधन भइसकेको यो ऐनले २५ बोट गाँजाखेती गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना तोकेको छ । सोभन्दा बढी गाँजाखेती गर्नेलाई तीनवर्षसम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने प्राबधान राखेको छ । यो ऐनअनुसार ५० ग्रामसम्म गाँजा साथमा राखेको खण्डमा तीन महिनासम्म कैद र तीन हजार रुपैयाँसम्म जरिवाना हुनसक्छ ।

गाँजा आफैंमा एक विवादित विषय मानिन्छ । नेपाली समाजमा गाँजालाइ 'छिछि र थुथु' को नजरले हेरिदै आएको छ । गाँजा खाएपछि मान्छे बिग्रन्छ भन्ने सोच जनमानसमा पहिल्यैदेखि रहिआएको छ । नेपालमा गाँजालाइ बैधानिकता दिएपछि ठूलो संख्यामा युवा यसको लतमा फस्ने र ठूलो जनशक्ति अनुत्पादक हुन्छन् भन्ने तर्क राज्यको छ । विभिन्न कारणले गर्दा अहिलेसम्म गाँजालाइ बैधानिकता दिइएको छैन । गाँजाको पातको चूर्ण बनाई काटेको वा अन्य घाउमा लगाए, घाउ छिट्टै निको हुन्छ । गाँजाको बीउको तेलले मालिस गर्दा जोड्नी दुखाइ कम हुन्छ । गाँजाको चूर्ण एकमात्रा, अदुवाको धूलो दुईमात्रा र जीराको धूलो चारमात्रा मिलाएर बनाएको मिश्रणले कोलाइटिस वा मासी ठीक हुन्छ । गाँजाखेती भएको ठाउँमा कीरा लाग्दैनन् । यसको रेसाबाट महँगो कपडा बन्छ । यसबाट बनेको कपडाको प्रयोगले शरीरमा छालाको रोग लाग्दैन । यसमा एउटा लठ्याउनेबाहेक अन्य अवगुण नभएको र विश्वमा आजसम्म गाँजा खाएर मान्छे मरेको तथ्यांक खासै देखिएको छैन । गाउँघरमा अहिले पनि किसानले गाईगोठसँग गाँजाखेती गर्ने गरेको र वस्तुभाउले छेरेमा, पेट फुलेमा वा पेटका अन्य समस्या भएमा वा खान नरुचाएमा गाँजालाई औषधिकारुपमा प्रयोग गर्छन् । धार्मिक दृष्टिकोणले हेर्ने हो भने शिवजीको बुटी भनेर गाँजालाई चिनिन्छ । त्यसैगरी पूजापाठमा यसको प्रयोग गरिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २८ गते बुधबार ११ फेब्रुअरी २०२६ । नवमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४६ सूर्यास्त ५:५१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# दलहरूबाट सरकारमा अप्राकृतिक गठबन्धन नगर्ने प्रतिबद्धता आउला ?



✍डा. जीवन बानियाँ

नेपालमा कतिपय अवस्थामा, विशेष गरेर २०६२/६३ को जनआन्दोलनपछि शान्ति प्रक्रिया टुंगिन नसकेको र संविधान पनि जारी हुन नसकिरहेको संक्रमणकालीन अवस्थामा अवस्था सहज बनाउनका लागि विभिन्न दलहरू मिली गठबन्धन सरकार बनाइए, जुन राजनीतिक आवश्यकताको सिद्धान्तअनुरूप नै भयो भन्नु मुनासिब होला । तर, त्यसको अलावा २०४६ सालयता फर्केर हेर्दा चुनावअघि विभिन्न दलहरूबीच सीमित, मुख्यतया प्रमुख नेताहरूको स्वार्थका लागि गठबन्धनहरू गर्ने र चुनावपछि दलहरूको फेरि अर्को प्रकारको रणनीतिक र एकदमै अराजनीतिक तथा अप्राकृतिक गठबन्धन गरी राज्यसत्तामा रहने विकृत (कु)राजनीति पनि देशले भोग्दै आएको बिडम्बना रह्यो ।

निरंकुश पञ्चायती व्यवस्थासँग लडेर पुनर्बहाली गरिएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा, जसरी एमाले र कांग्रेसले निरंकुश पञ्चायती व्यवस्थामा राजावादी पार्टीसँग गठबन्धन सरकार मात्र बनाएनन्, पञ्चायतकालमा सत्तास्वाद गर्न अभिसप्त र २० सिट मात्र भएको राजनीतिक पार्टीका लोकेन्द्रबहादुर चन्दलाई २०५३ र २०५४ मा तथा सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए, जुन बिल्कुल जनआन्दोलनको मर्मविपरीत थियो ।

गणतान्त्रिक नेपालमा संविधान जारी भएलगत्तै एमालेका केपी शर्मा ओलीले नेतृत्व गरेको सरकारमा ल ठिकै छ, 'एक बाम-एक ठाम' भए रे, तर त्यही गठबन्धन सरकारमा राष्ट्रिय प्रजातन्त्र पार्टी-नेपालका नेता उपप्रधान तथा परराष्ट्र मन्त्री बनाइए, जुन पनि राजनीतिक र सिद्धान्ततः गलत थियो । त्यसको लगत्तै फेरि नेपाली जनताले नेकपा माओवादी र त्यसको नेतृत्वमा पुष्पकमल दाहाल सरकारमा राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाली कांग्रेस संलग्न गठबन्धन सरकार देख्नुपर्‍यो, जसले गणतन्त्रको नै धज्जी उडायो ।

त्यस्तै, २०७९ माघमा बनेको प्रचण्ड सरकारमा फेरि राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष उपप्रधानमन्त्री बनाइए भने नेपाली कांग्रेससँग गठबन्धन गरी चुनावमा गई तेस्रो पार्टी भएर पनि सरकारको नेतृत्व गर्न पुगेका प्रचण्ड केही समयपछि फेरि नेकपा एमालेसँग मिली नेतृत्व गर्न तम्सिए । यसरी निर्वाचनअघि एक गठबन्धनका लागि मत माग्ने तर केही समयपछि अर्को गठजोड गर्नु जनमतको चरम दुरुपयोग र अवमूल्यन मात्र थिएन, यो जनमतको अराजनीतिक खण्डीकरण पनि थियो । कुनै संघीयता नमान्ने राजनीतिक दलले प्रदेश चुनावमा भाग लिई प्रदेश सरकार बनाउन र भत्काउने जुन भूमिका खेले, त्यो अर्को विरोधाभास र पाखण्डी राजनीतिको उदाहरण थियो ।

यी श्रृंखलाबद्ध घटनाहरू देशमा व्याप्त भ्रष्टाचार र कुशासन थप मजबुत बनाउने प्रमुख कारक पनि बने भने परिणामस्वरूप कालान्तरमा राजनीति र संघीय गणतान्त्रिक व्यवस्थाप्रति नै जनतामा विश्वासको खाडल गहिरिँदै गयो ।

आसन्न चुनावी सरगर्मीबीच सार्वजनिक खपतका लागि भए पनि विभिन्न माध्यमबाट केही दलका नेताहरूले एकल बहुमत ल्याउने भनाइ राख्दै आएका छन् । २०६२/६३ को जनआन्दोलनपछि नेकपा माओवादीको देशव्यापी रापतापबीच भएको चुनावमा त उक्त पार्टीले जम्मा ३८ प्रतिशतको हाराहारी मत प्राप्त गरेको थियो भने आउँदो चुनावमा पनि कुनै पनि एक दलले स्पष्ट बहुमत जित्ने सम्भावना लगभग असम्भव छ ।

त्यसको अर्थ निश्चय नै यो वर्षको निर्वाचनपश्चात् फेरि खास गरेर देशले अङ्गीकार गरेको समानुपातिक निर्वाचन प्रणालीका कारण गठबन्धन तथा समझदारीको आधारमै सरकार र शासन व्यवस्था चल्नुपर्ने हुन्छ । एक सकारात्मक पक्ष के भने आउँदो चुनावमा केही अर्को दलका उम्मेदवारहरूलाई समर्थन गरेर उम्मेदवारी फिर्ता लिएका केही घटना बाहेक, विगतमा जस्तै निर्वाचनपूर्व दलहरूबीच गठबन्धन गरेरै देशका विभिन्न निर्वाचन क्षेत्रमा एक पार्टीले आफ्ना कार्यकर्ता, मतदाता तथा शुभेच्छुकहरूलाई फरक पार्टीको उम्मेदवारलाई मत माग्ने अवस्था कमै देखिएको छ, जुन सकारात्मक पनि छ ।

अपेक्षाकृत रूपमा नभए पनि क्रमशः त्यस्ता आग्रह वा निर्देशनको आधारमा जनताले मत ट्रान्सफर गर्ने सम्भावना पनि कम हुँदै गएको छ । कम्तिमा सार्वजनिक वक्तव्य तथा भाषणमा भए पनि संवैधानिक सर्वोच्चता, कानूनको शासन, मानव अधिकार, शक्ति पृथकीकरण र नागरिक तथा प्रेस स्वतन्त्रता जस्ता लोकतान्त्रिक मूल्य-मान्यताप्रति धेरैजसो राजनीतिक पार्टीहरू प्रतिबद्ध जस्तै सुनिन्छन् ।

लाजगाज र कर्मकाण्डी रूपमा भए पनि सधैंको जस्तै पार्टीहरूले आर्थिक, सामाजिक तथा दिगो विकास, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, उत्पादनशील (स्व)रोजगारी तथा उद्यमशीलता, सामाजिक सुरक्षा र कल्याण, राज्य, परराष्ट्र नीति जस्ता शब्दावलीहरू समेटिएका योजना र कार्यक्रम त ल्याउने नै छन् । आशा गरौं, यसका अलावा राजनीतिक पार्टीका घोषणापत्र वा प्रतिबद्धता पत्रमा गणतन्त्र, संघीयता, समावेशी तथा सहभागितामूलक शासन व्यवस्था, धर्मनिरपेक्षता जस्ता विषयमा दलको धारणा स्पष्ट रूपमा आउलान् र आउनुपर्दछ ।

२०८२ फागुनको निर्वाचनपश्चात् अहिले नै प्रधानमन्त्रीका रूपमा प्रस्तावित उम्मेदवार हुन् वा अन्य पार्टीका नेताहरू हुन्, गठबन्धन सरकार बनाउनुपर्ने यथार्थ देशसामु अवश्य खडा हुनेछ । तसर्थ हामी के गर्छौं मात्र होइन कि कसरी गर्छौं भन्ने कुरा पनि प्रतिबद्धतामा आउनु आवश्यक छ । निर्वाचनपछि गठबन्धन किन र कसरी गरिने छ भन्नेबारे पारदर्शी रूपमा सार्वजनिक रूपमा जनतासामु प्रस्तुत गर्नाले प्रक्रियालाई वैधता दिलाउने मात्र होइन, गठबन्धन संस्कृतिलाई पनि थप मजबुत र परिस्कृत बनाउँदै लैजाने छ ।

विगतमा जस्तो सत्तामा पुग्न र सरकार टिकाउन अभिसप्त अनहोली (अपवित्र) एलायन्स गर्न पनि पछि नपर्ने राजनीतिक पार्टी नेतृत्वलाई जवाफदेही बनाउन सहयोग गर्नेछ भने समयसँगै स्वाभाविक, मूल्य-मान्यतामा आधारित र प्रेडिक्टेबल गठबन्धनहरूको संस्कृतिले लोकतान्त्रिक व्यवस्था अन्तर्गत थप नीतिगत सुसंगतता र सुशासनको प्रवर्द्धनमा पनि योगदान पुर्‍याउन सक्ला ।

त्यसैले निर्वाचनपश्चात् कस्ता-कस्ता दलसँग र के आधारमा गठबन्धन निर्माण गरी सरकारमा जाने भन्ने विषय राजनीतिक दलहरूले चुनावी घोषणापत्र वा प्रतिबद्धतामार्फत बताउनु पर्दछ । त्यसैगरी सम्पूर्ण सचेत जनताले विशेष गरी चुनावमा सम्भावित ठूला राष्ट्रिय दल बन्न सक्ने दल र तिनको नेतृत्वलाई सार्वजनिक प्रतिबद्धता गराउनु आवश्यक छ, ताकि उनीहरू समान वा निकटतम विचारधारा वा सिद्धान्तमा आधारित लक्ष्य तथा साझा कार्यक्रमहरूको आधारमा मात्र चुनावपछिको सरकारको गठबन्धनमा सरकारमा जाऊन् वा प्रतिपक्षमा बसेर भूमिका निर्वाह गरून् न कि गठबन्धनहरू केवल संसदमा रहेको शक्तिको अंकगणितमा आधारित होऊन् ।

राजनीतिक दलहरूले सकेसम्म आफ्नो दलले एकल बहुमत ल्याउँछ तर कथमकदाचित बहुमत ल्याउन नसकेको अवस्थामा यस्तो प्रकारको गठबन्धनमा मात्र आफ्नो पार्टी सरकारमा जाने घोषणा गरून् र त्यसका साथसाथै उनीहरूले आफ्ना सामान्यतः वैचारिक वा कार्यक्रमगत रूपमा नजिक रहेका दलहरू कुन-कुन हुन् भनी स्पष्ट प्रस्ट्याउनु युक्तिसंगत हुन्छ । साना दलहरूले गठबन्धन सरकारमा सामेल हुने निर्णयहरू पनि मन्त्री पदको लेनदेनको (ट्रान्जेक्सन) आधारमा वा झिँगै दाउ थापेर नभई जनमत र आफ्ना मूल्य-मान्यताविपरीत जस्तो पनि गठबन्धन सरकारमा सहभागी नहुने प्रतिबद्धता सहित निर्वाचनमा जानु आवश्यक छ ।

त्यसैगरी, माने पनि नमाने पनि विगतका नजिरअनुसार नेपालमा गठबन्धन सरकार बनाउन र भत्काउन भू-राजनीतिको अत्यन्त प्रभाव रहेको कुरा त सर्वविदित नै छ । जसको उत्कर्ष हामीले २०६७ माघमा झलनाथ खनाल प्रधानमन्त्री बन्दा र केही महिनापछि सत्ताच्युत हुँदा, तथा २०६८ भदौमा प्रधानमन्त्री पदका लागि १७ पटक चुनाव हुँदा पनि न प्रचण्ड, न रामचन्द्र पौडेल, न त झलनाथ खनाल नै प्रधानमन्त्री पदमा निर्वाचित हुन सकेह तर संसदीय दलको नेता नभए पनि रातारात बाबुराम भट्टराई माओवादी तथा साना-साना दलहरूको समर्थनमा नेपालको ३६औं प्रधानमन्त्री हुँदा देखेकै हो ।

यदि राजनीतिक दलहरूले आफ्ना सम्भावित गठबन्धन पार्टनरहरू चुनावअघि नै घोषणा गरे भने, यसरी कुनै बाह्य शक्तिको प्रभावमा गठबन्धन बनाउने वा भत्काउने अभिष्टप्रति पनि तिनीहरूलाई जवाफदेही बनाउने आधार खडा हुनेछ । उदाहरणका लागि नेकपा एमालेको नेतृत्वलाई 'जेनजी विद्रोहको हत्यारा' करार गरेको पार्टी र नेकपा एमालेबीच गठबन्धन सरकार हुन्छ कि हुँदैन ? संविधानको खारेजीको माग गर्ने दल र यही संविधान मानेर सुदृढीकरणसहित अघि जाने दलबीच गठबन्धन सरकार हुन्छ कि हुँदैन ?

धर्मनिरपेक्ष राज्य र हिन्दू धर्म-सापेक्ष राज्य मान्ने शक्तिबीच गठबन्धन सरकार बन्छ कि बन्दैन–प्रस्ट्याउनु पर्ने हुन्छ । सामाजिक न्याय, बहुलवाद, समावेशिता तथा सहभागितामूलक शासन व्यवस्था र बहुमतमा आधारित शासन व्यवस्था चाहनेबीच गठबन्धन सरकार हुन्छ कि हुँदैन ? आशा गरौं, राजनीतिक दलहरू कम्तीमा देशमा विद्यमान रहेका यस्ता विषयहरूमा सैद्धान्तिक, वैचारिक वा कार्यक्रमगत रूपमा विपरीत कित्तामा रहेकाहरूसँग गठबन्धन कदापि हुनेछैन भनी प्रतिबद्धता गर्ने साहस गर्लान् । गठबन्धन राजनीतिका संस्कृतिलाई व्यवहारतः अविछिन्न रूपमा परिस्कृत नगर्ने र केवल निष्ठा र विचारको कत्लेआम गरेर भए पनि जसरी पनि सरकार र सत्तामा रहने सनातनी राजनीतिको अन्त्य नहुने हो भने अहिलेको संघीय गणतान्त्रिक व्यवस्थामाथि सधैं कालो बादल मडारिरहने छ ।

'प्रमुख शत्रु शक्ति' घोषणा गरेर होइन कि निर्वाचनपछिको सम्भावित एलायन्स घोषणा गरेर अघि बढ्नेछन् । राजनीतिक शास्त्री ग्याब्रिएल अब्राहम आल्मन्डले भनेका छन्, 'महान नेता भनेका ती हुन् जसले महान गठबन्धन निर्माण गर्छन् ।' नेपालमा त्यस्तो महान गठबन्धन जोसुकैलाई लावालस्कर सरकारमा ल्याएर होइन कि सुस्पष्ट विचार, लक्ष्य, नीति तथा कार्यक्रमहरू प्रतिको निकटताका आधारमा हुनु श्रेयस्कर र प्रियकर पनि हुनेछ ।

नत्रभने, प्रतिबद्धताका मसी सुक्न नपाउँदै चतुर र काबिल नेताका 'रणनीतिक कदम'को सैद्धान्तिक कलेबरमा फेरि विगतका चरम गणतन्त्रवादी र चरम राजावादी गठबन्धनको पुनरावृत्ति दोहोरिँदै फेरि २३ भदौको हत्या-विरोधी र २४ भदौको वितण्डा-विरोधी मिलेर सरकारमा विराजमान बने अचम्म मान्नुपर्ने हुँदैन ।

*(साभार: अनलाइनखबर)*

# उपभोक्तावादी समाज: चरित्र र चुनौती

✍समीर बम्जन तामाङ

मानव सभ्यताको विकास उत्पादनसँग जोडिएको हुन्छ । मानिसले आफ्नो आवश्यकता पूरा गर्न प्रकृतिको प्रयोग गरी नयाँ वस्तुको सिर्जना गर्छ । कुनै पनि समाजको पहिचान त्यसले गर्ने सिर्जना र उत्पादनबाट निर्देशित हुन्छ । तर जब समाजमा सिर्जना र उत्पादनभन्दा उपभोगलाई सफलताको मानक मानिन्छ, तब उपभोक्तावादी समाजको जन्म हुन्छ । उपभोक्तावाद एउटा यस्तो अवस्था हो, जहाँ बजारले मानिसको इच्छालाई नियन्त्रण गर्छ । उपभोक्तावादी चरित्रले मानिसलाई सिर्जनशील उत्पादकबाट बदलेर केवल बजारको एउटा तथ्याङ्क वा उपभोगको मेसिनमा सीमित गरिदिन्छ । उपभोक्तावादी समाजमा बजारले मानिसको संस्कृति र मनोविज्ञानलाई नियन्त्रण गर्छ र मानिसहरू वस्तुको उपभोग गरेर नै मानसिक सन्तुष्टि खोज्ने प्रयास गर्छन् । जब समाजमा कुनै वस्तुको प्रयोग उसको उपयोगिताका लागि भन्दा प्रदर्शन र प्रतिष्ठाका लागि गरिन्छ, तब त्यो समाज उपभोक्तावादको दलदलमा फसेको मानिन्छ । सरल शब्दमा भन्नुपर्दा, मानिसको पहिचान, सफलता र खुसी उनीहरूले प्रयोग गर्ने वस्तु वा सेवाको खरिद र उपभोगमा आधारित हुन्छ, त्यसलाई उपभोक्तावादी समाज भनिन्छ ।

वर्तमान नेपाली समाज उपभोक्तावाद र अनुत्पादक दुवै अवस्थाको दुश्चक्रमा फसेको भनेर भन्न हिचकिच्याउनु पर्दैन । अनुत्पादक समाज भनेको त्यो हो, जसले आफ्नो आवश्यकताका वस्तु वा सेवाहरू आफैं सिर्जना वा उत्पादन गर्नुको सट्टा अरूले बनाएका कुरामा मात्र भर पर्छ । यस्तो समाजमा आर्थिक गतिविधिहरू सिर्जनाभन्दा खपतमा केन्द्रित हुन्छन् । नेपाल अहिले यही चरित्र वरिपरिबाट गुज्रिरहेको छ, जुन दीर्घकालका लागि नै घातक हुन सक्छ । हामीकहाँ उत्पादन नभएको उपभोक्तावाद हाबी छ र हामी परनिर्भर उपभोक्ता बनेका छौं । यो उत्पादनविहीनताले अर्थतन्त्र मात्र होइन, हाम्रो मानवीय संवेदना र सामाजिक चरित्रलाई समेत खोक्रो बनाउँदै लगेको छ ।

उत्पादनमुखी विकसित देशहरूमा उत्पादनको प्रचुरतापछि उपभोगको संस्कृति बन्यो तर नेपालमा भने उत्पादनको जग नै नबसी उपभोग आकाशिएको छ । यो परजीवी अर्थतन्त्र हो, जसले हाम्रो राष्ट्रिय सार्वभौमिकतालाई समेत कमजोर बनाउँदै लगेको छ । तर यो अवस्था रातारात सिर्जना भएको भने होइन, दशकौंदेखिका गलत आर्थिक नीति, राजनीतिक अस्थिरता र उत्पादनप्रतिको उपेक्षाको परिणाम हो ।

नेपालको आधुनिक आर्थिक इतिहासमा बीपी कोइरालाले अघि सारेको प्रजातान्त्रिक समाजवाद एक मौलिक र प्रगतिशील अवधारणा मान्न सकिन्छ । २०१५ सालमा जननिर्वाचित प्रधानमन्त्री बनेपछि उनले नेपालको माटो सुहाउँदो अर्थनीति अघि सारेका थिए । उनको समाजवादको केन्द्रमा हलो जोत्ने किसान थियो । उनी भन्थे, 'नेपालको योजना बनाउँदा योजना आयोगको भित्तामा एकजना गरिब किसानको फोटो झुन्ड्याऊ र सोध कि तिम्रो योजनाले यो किसानको जीवनमा के परिवर्तन ल्याउँछ ?'

बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादको मूल मर्म उत्पादनमा आधारित स्वाभिमान थियो । बीपीले ठुला र आयातित उद्योगभन्दा पनि ग्रामीण आत्मनिर्भरतामा जोड दिएका थिए । उनले बिर्ता उन्मूलन गरेर जमिनमा जोत्नेको हक स्थापित गर्न खोजे, जसले किसान उत्पादनमा प्रोत्साहित होस् । उनले साना र मझौला उद्योगमार्फत् स्थानीय कच्चा पदार्थको प्रयोग र रोजगारी सिर्जनाको परिकल्पना गरेका थिए । तर २०१७ सालको राजनीतिक कु भयो, जुन राजनीतिक परिघटनामार्फत् पञ्चायतले उनको मौलिक आर्थिक मोडेललाई पूर्ण रूपमा कार्यान्वयन हुन दिएन ।

२०४६ सालपछिको निजीकरण नीतिले बीपीको त्यो उत्पादनशील समाजको सपनालाई उपभोक्तावादी समाजमा बदलिदियो । पञ्चायतकालमा केही सरकारी कारखाना खुले पनि ती राज्यको नियन्त्रणमा थिए, जनताको उद्यमशीलतासँग जोडिन सकेनन् । २०४६ सालपछिको नव-उदारवादले त झन् स्वदेशी उद्योगको संरक्षण गर्नै सकेन र नेपाल एउटा ट्रेडिङ इकोनोमीमा बदलियो ।

२०४६ सालको प्रजातन्त्र पुनर्बहाली पछि नेपालले विश्वव्यापी आर्थिक लहरलाई पछ्याउँदै नव-उदारवाद र खुला बजार अर्थतन्त्र अँगाल्यो । यो नै नेपालको उत्पादनशील जग भत्किने प्रस्थानबिन्दु बन्यो । तत्कालीन नेपाली कांग्रेसको सरकारले भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना, हेटौंडा कपडा उद्योगजस्ता दर्जनौं सरकारी उद्योगहरू निजीकरण गर्‍यो । रणनीतिक योजनाको अभावमा ती उद्योगहरू निजी क्षेत्रले चलाउनुको सट्टा जग्गा बेचेर खान वा बन्द गर्न प्रयोग गरे । स्वदेशी उद्योगको विस्थापनसँगै भन्सार दरहरूमा व्यापक कटौती भयो, जसले गर्दा विदेशी सामान सस्तोमा भित्रिन थाले । नेपालका साना उद्यमीहरूले विदेशी उत्पादनको विशाल पुँजी र प्रविधिसँग प्रतिस्पर्धा गर्न सकेनन् । फलस्वरूप नेपाल एउटा उत्पादक राष्ट्र बन्ने चरणमा प्रवेश नै नगरी आयात गर्ने राष्ट्रमा बदलियो ।

२०५२ सालबाट सुरु भएको माओवादी सशस्त्र जनयुद्धबाट एउटा ऐतिहासिक राजनीतिक उपलब्धि त भयो तर त्यस अवधिमा देशको अर्थतन्त्र र पूर्वाधार निर्माणमा अवरोध भयो, जसले गर्दा देशको समग्र उत्पादन प्रणाली एक दशकसम्म अन्योलमा पर्‍यो । दशवर्षे जनयुद्धले ग्रामीण उत्पादन प्रणालीमा परेको असर कालान्तरमा देशको युवा पलायनको बिन्दु बन्न पुग्यो । शान्ति प्रक्रियापछि ती विस्थापित मानिसहरू माटोमा फर्किनुको सट्टा विदेश पलायन हुन थाले । यही समयमा वैदेशिक रोजगारीको बाटो व्यापक रूपमा खुल्यो । वैदेशिक रोजगारीबाट पैसा त आयो तर गाउँमा श्रम गर्ने युवा रहेनन् । खेतीयोग्य जमिन बाँझो भयो ।

रेमिट्यान्सले मानिसको खरिद शक्ति पनि बढायो, तर बजारमा नेपाली सामान भएन । फलस्वरूप रेमिट्यान्सको पैसा आयातित सामान किन्नमा विदेशमै फर्कियो । २०६३ सालको विस्तृत शान्ति सम्झौतापछि देशमा ठुलो राजनीतिक परिवर्तन भयो र त्यसले नेपाली जनमानसमा ठुलो उत्साह पनि सिर्जना गर्‍यो । तर विडम्बना, त्यो उत्साहले सार्थकता नपाउँदै आर्थिक रूपमा यो अवधि श्रम पलायन, उपभोग विस्तार हुँदै परनिर्भरताको स्वर्ण युग सावित हुन पुग्यो । शान्ति सम्झौतापछिको सङ्क्रमणकालमा राजनीतिक अस्थिरता, लोडसेडिङ र मजदुर आन्दोलनजस्ता विविध कारणले भएका उद्योगहरू पनि बन्द भए । उत्पादन र उपभोगको सन्तुलन यसरी बिग्रियो कि नेपालको निर्यात स्थिर रह्यो तर आयात दशौं गुणाले बढ्यो ।

### उपभोक्तावादतर्फको यात्रा: समाजवादउन्मुख संविधान

२०७२ सालको नयाँ संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गर्‍यो, तर व्यवहारमा उपभोग उन्मुख अर्थतन्त्र झन् सुदृढ भयो । संविधान जारी भएपछिको एक दशकलाई हेर्दा हामी समाजवादतर्फ होइन, चरम उपभोक्तावादतर्फ गइरहेका छौं भन्दा फरक पर्दैन । संघीयताले अधिकार तल्लो तहसम्म पुर्‍याए पनि आर्थिक उत्पादनको केन्द्र गाउँ बन्न सकेन । स्थानीय तहहरूले आफ्नो बजेट उत्पादनशील क्षेत्रमा भन्दा पनि बिनायोजना मनोमानी रूपमा सडक खन्ने, भ्यु-टावर बनाउने, आ-आफ्नो राजनीतिक दलका कार्यकर्तालाई केन्द्रमा राखेर विकास योजना बनाउने र कमिसनकेन्द्रित अनुत्पादक पूर्वाधारमा खर्च गरे । गाउँगाउँमा डोजर पुग्यो, तर त्यही सडक भएर गाउँको उत्पादन सहर आउनुको सट्टा रेमिट्यान्सको रकमभन्दा अघि बहुराष्ट्रिय कम्पनीको वस्तु गाउँ पुगिसकेको हुन थाल्यो, जसले गर्दा रेमिट्यान्सको रकम जहाँबाट आयो, त्यतै जाने बाटो पनि सँगसँगै बन्यो । यसरी समाजवाद उन्मुख संविधानको मर्मविपरीत नेपाली समाजले उपभोक्तावादको बाटो लिन पुग्यो ।

संविधान जारी हुनुअघि र पछिको दश वर्षको तथ्यांक हेर्दा नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योगको योगदान १० प्रतिशतबाट घटेर ५ प्रतिशतको हाराहारीमा पुगेको छ । बजेटको ठुलो हिस्सा उपभोग्य वस्तुको आयातमा खर्च भइरहेको छ भने उपभोगको हिस्सा जीडीपीको झण्डै ९० प्रतिशत छ, जबकि बचत र लगानीको हिस्सा अत्यन्तै न्यून छ । यी सबै हुनुमा देशका प्रमुखदेखि सत्तासाझेदारी सबै दलहरूको कुनै न कुनै रूप र समयमा निर्णायक भूमिका छ, जसले उपभोक्तावादलाई नै आफ्नो राजनीतिक आधार बनाए र कार्यकर्ता पाल्नका लागि दलाल पुँजीवादलाई प्रश्रय दिए । *क्रमशः पृष्ठ-३....*

## टी-२० विश्वकप २०२६ :

# इटली डेब्यू खेलमै पराजित, स्कटल्यान्डको मिठो बदला

मुम्बई/युरोपियन राष्ट्र इटली फिफा विश्वकपको चार पटकको विजेता टिम हो । पहिलो पटक आईसीसी टी-२० विश्वकपमा छनोट हुँदै इतिहास रचेको इटली क्रिकेट विश्वकपको पहिलो खेलमा भने अर्को युरोपियन राष्ट्र स्कटल्यान्डसँग पराजित भयो ।

समूह सी अन्तर्गत सोमबार भएको खेलमा स्कटल्यान्डले इटलीलाई ७३ रनको फराकिलो अन्तरले पराजित गरेको हो । टी-२० विश्वकपको युरोपियन रिजनल छनोटको फाइनलमा स्कटल्यान्डलाई नै स्तब्ध पार्दै पहिलो पटक टी-२० विश्वकपमा पुगेको इटलीको संयोगवश डेब्यू खेल नै स्कटल्यान्डसँग पर्‍यो । बंगलादेशले सुरक्षाको कारण देखाउँदै भारतमा विश्वकपका खेल खेल्ने अस्वीकार गर्दा उच्च वरियताको आधारमा स्कटल्यान्डले भाग्यमानी बन्दै विश्वकप खेल्ने अवसर पाएको थियो ।



भारतको कोलकतास्थित एडेन गार्डेनमा सोमबार भएको खेलमा स्कटल्यान्ड इटलीमाथि हावी रह्यो । पहिलो खेलमा वेस्ट इन्डिज विरुद्ध उत्कृष्ट प्रदर्शन गरेपनि पराजित भएको स्कटल्यान्डले इटली विरुद्ध विश्वकप छनोटमा व्यहोरेको हारको मिठो बदला समेत लिँदै यस संस्करणमा पहिलो जित हात पार्दै सुपर एट प्रवेश गर्ने सम्भावना समेत कायम राखेको छ । सोमबारै दक्षिण अफ्रिका र जिम्बाव्वेले पनि आ-आफ्नो खेल जित्दै विजयी सुरुवात गरेको छ ।

### मुन्से र लिस्क चम्केपछि स्कटल्यान्डको बदला

जुलाईमा नेदरल्याण्ड्समा छनोटमा इटलीले स्कटल्यान्डलाई १२ रनले स्तब्ध पारेको थियो । त्यसबेला इटलीले पहिले ब्याटिङ गर्दै २० ओभरमा १६७-६ रन बनाएको थियो । जवाफमा स्कटल्यान्डले ५ विकेट गुमाएर १५५ रन मात्र बनाउन सक्यो । जर्ज मुन्सेले सर्वाधिक ७२ रन बनाउँदा बलिङमा माइकल लिस्कले सर्वाधिक ३ विकेट लिएका थिए ।

फेरि एकपटक स्कटल्यान्डका लागि मन्से र लिस्क नै चम्के । यस पटक भने उनीहरुको प्रदर्शन उत्कृष्ट रह्यो र इटलीलाई हराउनका लागि स्कटल्यान्डका लागि निर्णायक प्रदर्शन गरे । स्कटल्यान्ड यस संस्करण टी-२० विश्वकपमा २०० रनको स्कोर पार गर्ने पनि पहिलो टिम बन्यो । टस हारेर पहिले ब्याटिङ गरेको स्कटल्यान्डले मन्सेको ८४ रन मदतमा ४ विकेट गुमाएर २०७ रन बनाएको थियो । मन्सेले ५४ बल खेल्दै १३ चौका र २ छक्का प्रहार गरे । यस्तै माइकल जोन्सले ३० बलमा ३७ रन जोडे । ब्रान्डेन म्याकमुलेनले आक्रमक ब्याटिङ गर्दै १८ बलमा ४ छक्का प्रहार गर्दै अविजित ४१ रन बनाए । माइकल लिस्कले केमियो इनिङ्स खेल्दै अविजित २२ रन जोडे । उनले ५ बल खेल्दै २ चौका र २ छक्का प्रहार गरे ।

टी-२० विश्वकपको डेब्यु खेलदै २०७ रनको विशाल लक्ष्य पछ्याएको इटली २० बल अगावै १३४ रनमा अलआउट भयो । इटलीका कप्तान वायने म्याडसेन पहिलो इनिङ्समै फिल्डिङ गर्ने क्रममा सोल्जर डिसलोकेट हुँदै मैदान बाहिरिएपछि इटलीलाई झट्का लागेको थियो ।

इटलीका लागि बेन मानेन्तीले ५२ रन बनाउँदै आफ्नो टिमका लागि टी-२० विश्वकपमा अर्धशतक प्रहार गर्ने पहिलो खेलाडी बने । बेनले ३१ बल खेल्दै ५ चौका र १ छक्का मदतमा ५२ रन जोडे । ह्यारी मानेन्तीले ३७ र जेजे स्मट्सले ११ बलमा २२ रन जोडे । इटलीलाई अलआउट गर्न माइकल लिस्कले ४ ओभरमा १७ रन खर्चेर ४ विकेट लिए । मार्क वाटले २ तथा ब्राड करी, ब्राड ह्विल र ओलिभर डेविडसनले समान १ विकेट लिए ।

इटलीलाई भने डेब्यु खेलमा हार र कप्तानको चोटको दुःख एकै पटक पुग्यो । खेलपछि प्रशिक्षक जोन डेभिडसनले कप्तान घाइते हुँदा त्यसको असर टिममा परेको प्रतिक्रिया दिए । उनले पहिलो खेलमा राम्रो अनुभव भएको र अब मुम्बई गएर बलियो टिम नेपालसँग खेल्न तयार हुनुपर्ने बताए ।

### समूह सी को अवस्था

इटलीलाई हराएपछि स्कटल्याले समूह सी मा अंक खाता खोलेको छ । यस समूहमा अहिलेसम्म तीन खेल भइसकेको छ । जसमा इंग्ल्याण्ड, वेष्ट इन्डिज र स्कटल्यान्डले समान २ अक जोडेका छन् ।

स्कटल्यान्डले दुई खेल खेलिसकेको छ र १ जित र १ हारको नतिजा निकाल्दा बाँकि चार टिमले एक-एक खेल खेलेका छन् । रनरेटमा आधारमा वेष्ट इन्डिज शीर्ष स्थानमा छ भने स्कटल्यान्ड दोस्रो र इंग्ल्याण्ड तेस्रो स्थानमा छ ।

नेपाल र इटली आफ्नो पहिलो खेलमा पराजित भएका थिए र अंकविहिन छन् । इटली भन्दा नेपाल अंकतालिकामा अघि छ ।

अब यस समूहको अर्को खेलमा फेब्रुअरी ११ मा वेष्ट इन्डिज र इंग्ल्याण्डबीच हुनेछ । त्यसको भोलीपल्ट फेब्रुअरी १२ नेपाल र इटलीबीच खेल हुनेछ र दुवे टवली पहिलो जितको खोजीमा हुनेछन् ।

### दक्षिण अफ्रिका र जिम्बाव्वेको प्रभाव

सोमबारै भएको अन्य खेलहरुमा टेष्ट राष्ट्र दक्षिण अफ्रिका र जिम्बाव्वेले पनि प्रभावशाली प्रदर्शन गर्दै विजयी सुरुवात गरेको छ । दुवैले एसोसिएट राष्ट्रलाई पराजित गरेको थियो । दक्षिण अफ्रिका यस विश्वकपमा २०० रनको आँकडा पार गर्ने दोस्रो टिम बन्दै क्यानडालाई ५७ रनले पराजित गर्‍यो ।

हिमेदवादमा भएको समूह डी को खेलमा खेलमा दक्षिण अफ्रिकाले ४ विकेट गुमाएर २१३ रन बनाएको थियो । दक्षिण अफ्रिकाका लागि कप्तान आइडन मारक्रमले सर्वाधिक ५९ रन बनाए । ३२ बल खेलेका उनले १० चौका र १ छक्का प्रहार गरे । डेविड मिले आक्रमक ब्याटिङ गर्दै २३ बलमा ३९ रन योगदान गरे भने ट्रिस्टन स्टब्सले १९ बलमा अविजित ३४ रन बनाए । राएन रिकेलटनले २१ बलमा ३३ रन बनाए । क्यानडाका अंश पटेलले ३ विकेट लिए ।

जवाफमा क्यानडाले ८ विकेट गुमाएर १५६ रन बनाए । क्यानडाका लागि नभनित धलिवालले ६४ रन बनाए । हर्श थाकेरले ३३ रन जोडे । यस्तै समूह बी को खेलमा जिम्बाव्वेले ओमानमाथि एकपक्षिय रुपमा जित हासिल गरेको छ ।

पहिले ब्याटिङ गरेको ओमानले १९.५ ओभरमा सबै विकेट गुमाएर १०३ रनमा अलआउट भएको थियो । ओमानका लागि विकेटकिपर विनायक शुक्लाले २८ सफयान मेहमुदले २५ रन बनाएका थिए । जिम्बाव्वेका लागि रिचर्ड एगाभारा, ब्लेसिङ मुजाराबानी र ब्राड एभान्सले ३-३ विकेट लिए ।

जवाफमा १०४ रनको लक्ष्य जिम्बाव्वेले १३.३ ओभरमा १०६ रन बनाउँदै पूरा गरेको हो । ओनर ब्रायन बेनेटले अविजित रहँदै सर्वाधिक ४८ रन बनाए । यस्तै आईसीसी टी-२० विश्वकपको पहिलो र दशौँ स्करण खेल्ने एक मात्र खेलाडी ब्रान्डेन टेलरले ३१ रन जोड । उनी रिटायर हर्ट भएका थिए । ओमानका सुफिया महमुदले २ विकेट लिए ।

*(स्रोत: अनलाइनखबर)*

# उपभोक्तावादी समाज....

उत्पादन गर्नेलाई भन्दा सामान आयात गर्ने ट्रेडिङ एजेन्टलाई नीतिगत सुविधा दिइयो । रेमिट्यान्सलाई देशको वित्तीय सफलताको मानक मानियो, जबकि त्यो हाम्रो उत्पादनशील शक्तिको पलायन थियो भन्ने तर्फ कसैको पनि ध्यान गएन, न कुनै बहसको विषय नै बनाइयो । गत भदौ २३ र २४ मा देखिएको युवाहरूको असन्तुष्टि (जेनजी आन्दोलन) र संसद् विघटनका घटनाहरू यही उपभोक्तावादी सङ्कटका राजनीतिक परिणाम हुन् । नयाँ पुस्ताले विश्वका सुविधाहरू इन्टरनेटमा देख्छ र उसलाई ती उपभोग गर्ने इच्छा छ । तर देशमा उत्पादन र रोजगारीको अवसर छैन । यही खाडलले गर्दा युवाहरूमा चरम निराशा छ, जसले गर्दा उनीहरू कि त देश छोड्न चाहन्छन् कि त सडकमा विद्रोह गर्छन् । त्यसैको एउटा उदाहरणीय परिणाम थियो, जेनजी आन्दोलन ।

जेनजी आन्दोलन र संसद् विघटनपछि हुन लागेको निर्वाचनमा नयाँ र जेनजीको मनोविज्ञानमा आधारित दलहरूको अवस्था अलि अनौठो छ । तिनीहरू आफूलाई नयाँ पुस्ताको प्रतिनिधि त भन्छन्, भ्रष्टाचार र सुशासनका कुरा पनि चर्काउँछन् तर नेपालको भयावह व्यापार घाटा कसरी घटाउने र उपभोक्तावादी समाजलाई कसरी उत्पादनमुखी बनाउने भन्नेमा उनीहरूको कुनै स्पष्ट अवधारणा छैन ।

सुन्दा मात्र पनि अस्वाभाविक र अप्राकृतिक जस्तो लाग्ने परिवर्तनका कुरा त गरेका छन् तर उनीहरू लोकप्रियतावादको चरम सिकार बनेका छन् । भ्रष्टाचारविरोधी नाराले मात्र उपभोक्तावादी समाजलाई उत्पादनशील बनाउन सक्दैन भन्ने सामान्य र आधारभूत कुरासमेत सुनिँदैन । उनीहरूले सस्तो लोकप्रियताका लागि आश्वासन दिन्छन्, सुशासन र प्रविधिका कुरा गर्छन् तर माटोमा पसिना बगाएर कसरी आत्मनिर्भर हुने भन्ने कुनै फरक मार्गदर्शन उनीहरूमा पनि देखिँदैन ।

दिगो आर्थिक कार्यक्रम भन्दा सामाजिक सञ्जालको भाइरल शैलीमा लोकप्रिय हुन खोजिरहेका छन् । यस प्रकारको लोकप्रियतावादले उपभोक्तावादलाई झन् बढवा दिन्छ किनकि यसले मानिसलाई तत्कालको सस्तो सन्तुष्टिमा अलमल्याउँछ । नयाँ भनेर आउन लागिरहेका दलहरूले उत्पादन र आत्मनिर्भरताको खाका नल्याएसम्म उनीहरूको उदयले उपभोक्तावादी समाजमा कुनै सकारात्मक प्रभाव पार्ने देखिँदैन । बरु यसले जनतामा झन् ठुलो निराशा पैदा गर्न सक्छ ।

### रेमिट्यान्सको पुँजीकरण

नेपालले आज भोगिरहेको श्रम पलायन र रेमिट्यान्सको समस्याबाट एक समय आजको विकसित देश दक्षिण कोरिया पनि गुज्रिएको थियो । लामो समय जापानी उपनिवेशबाट शासित भएको कोरियाले उपनिवेशबाट स्वतन्त्र भएलगत्तै आन्तरिक गृहयुद्धको सामना गर्नुपर्‍यो र अन्ततः विभाजनको तहमा पुग्यो । गृहयुद्ध र विभाजनले थलिएको दक्षिण कोरियाका युवाहरू १९६० र ७० को दशकमा जर्मनीको कोइला खानी र मध्यपूर्वी देशहरूमा सडक बनाउन श्रमिकका रूपमा गएका थिए ।

तत्कालीन कोरियाली सरकारले ती युवाहरूले पठाउने रेमिट्यान्सलाई केवल उपभोगमा मात्र खर्च हुन दिएन । बरु विदेशमा रहेका श्रमिक र त्यहाँबाट फर्किएका युवाहरूसँग एउटा ऐतिहासिक आर्थिक सहकार्यको नीति लियो र श्रमिकहरूले पठाएको पैसालाई राष्ट्रिय बैंकिङ प्रणालीमार्फत आजको विश्व चर्चित हुन्डाई र सामसङजस्ता ठुला उद्योगहरूको जग स्थापना गर्न लगानी पुँजीको रूपमा प्रयोग गर्‍यो ।

सरकारले रेमिट्यान्स पठाउने युवाहरूको आर्थिक सुरक्षाको सुनिश्चितता गर्‍यो । उनीहरू फर्किएपछि आफ्नै देशमा उद्यम गर्न बिनाधितो ऋण र कर छुटका कार्यक्रमहरू ल्यायो । परिणामतः श्रमिकहरूको त्यही रगत-पसिनाको रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माण गर्न सफल भयो । आजको कोरियाको समृद्धिको जग त्यही ७० को दशकको रेमिट्यान्स र सरकारको सही नीति नै हो । छ दशक अगाडि, युद्ध र विभाजनको पृष्ठभूमिमा बनेको कोरियाली सरकारले त्यस किसिमको नीति लिन सकेको थियो भने छ दशक पछाडि विज्ञान प्रविधिको विकासले कायापलट मारिसकेको युगमा पुगिसक्दा पनि नेपालको सरकारले सोच्ने तरिका र आत्मसात् गर्ने नीति कति सान्दर्भिक, कति असान्दर्भिक छ भन्ने बहससमेत हुने गरेको छैन । अझ रेमिट्यान्स प्रयोगको फेहरिस्त कहालीलाग्दो अवस्थामा छ ।

### उत्पादन र शिक्षा प्रणाली

कुनै पनि समाजको उत्पादन प्रणाली त्यसको शिक्षा प्रणालीको प्रतिविम्ब हो । विडम्बना, नेपालको शिक्षा प्रणाली र उत्पादनबिचको सम्बन्ध स्थापित हुनै सकेन । नेपालको शिक्षा प्रणालीले उद्यमी वा उत्पादकभन्दा केवल बौद्धिक मजदुर वा प्रशासक जन्माउने काम गरिरहेको छ । डिग्री पास गरेका युवाहरूमा 'म पढेको मान्छे, मैले माटो छुनु हुँदैन' भन्ने एउटा घातक मनोवैज्ञानिक त्रुटि छ । शिक्षाले श्रमप्रतिको सम्मान होइन, घृणा र वितृष्णा सिकाएको छ, जुन उत्पादक समाज निर्माणका लागि ठुलो सांस्कृतिक अवरोध हो । नेपालका विश्वविद्यालयहरू आज प्रमाणपत्र बाँड्ने कारखाना र विदेश जाने ट्रान्जिट पोइन्टजस्ता मात्रै भएका छन् । उच्च शिक्षा हासिल गरेका युवा रोजगारीकै लागि बिदेसिनुको मुख्य कारण पनि हाम्रो शिक्षाले बजारको मागअनुसार सीप दिन नसक्नु र देशमा उत्पादनको वातावरण नहुनु हो, जसले गर्दा देशका उत्कृष्ट प्रतिभाहरू पलायन भइरहेका छन् ।

शिक्षालाई उत्पादनसँग जोड्न किताबी ज्ञान मात्र पर्याप्त छैन । विकल्पका रूपमा विद्यालय तहदेखि नै व्यावहारिक सीप र उद्यमशीलतालाई अनिवार्य गरिनुपर्छ । विश्वविद्यालयहरूलाई अनुसन्धान र औद्योगिक केन्द्रहरूसँग जोडेर पढ्दै कमाउँदैको मोडलमा जानेतर्फ पहल गर्नुपर्दछ । कुनै पनि उत्पादनको आधार नभएको अनुत्पादक समाजमा जब उपभोगको तीव्र इच्छा हुन्छ, तब समाजमा अनेकन विकृतिहरू देखा पर्न थाल्छन् । जसले समाजलाई नैतिक र मनोवैज्ञानिक क्षयतर्फ लैजान्छ । मिहिनेत बिना छोटो समयमा धनी बन्ने लालचले ठगी, भ्रष्टाचार र आपराधिक मानसिकताले गिजोल्दै लैजान्छ । नेपालको प्रशासन क्षेत्रमा कर्मचारीले लिने घुस र सेवामा हुने झमेला यही उपभोक्तावादी भोकको परिणाम हो ।

उत्पादनमा संलग्न नहुने मानिसमा सिर्जनात्मकता हुँदैन । यसले गर्दा आम मानिसमा आक्रोश, ईर्ष्या, क्रोध र अरूको प्रगतिमा जल्ने प्रवृत्ति हाबी हुन्छ । सहयोगी भावना शून्य र भविष्यप्रति अन्योल हुनु अनुत्पादक समाजका रोगहरू हुन् । नेपाल यो रोगको सङ्क्रमणबाट अछुतो छैन, बरु रोगको सिकार हुने बाटोमा तत्पर छ ।

### उपभोक्तावादी समाजका चुनौतीहरू

कुनै पनि देश जब उपभोक्तावादको चरम बिन्दुमा पुग्छ, उसले गम्भीर चुनौतीहरूको सामना गर्नुपर्छ । यसलाई विश्वका विभिन्न उदाहरणबाट बुझ्न सकिन्छ । अमेरिका जस्ता विकसित देशहरूमा पनि उपभोक्तावादले गर्दा नागरिकहरू अत्यधिक क्रेडिट कार्ड र व्यक्तिगत ऋणमा फसेका छन् । नेपालमा पनि उत्पादन नहुने तर उपभोग बढ्ने हुँदा राष्ट्रिय र व्यक्तिगत दुवै तहमा ऋणको भार चुलिएको छ । अत्यधिक उपभोगले स्रोतहरूको दोहन बढाइरहेको साथै विश्वका उदीयमान र शक्तिशाली देशहरूको अर्थतन्त्रमा, उपभोगको होडबाजीले प्रदूषण र फोहोर व्यवस्थापनको भयावह सङ्कट निम्त्याएको छ ।

ग्रीसजस्ता युरोपकै कतिपय देशहरूले आफ्नो उत्पादन क्षमता गुमाउँदा र केवल आयातित उपभोगमा रमाउँदा आर्थिक टाट पल्टिने अवस्था भोग्नुपरेको र आर्थिक सार्वभौमिकता गुमाउन पुगेको उदाहरणहरू छन् । नेपाल जस्तो अनुत्पादक देशका लागि यो सबैभन्दा ठुलो चुनौती हो । नेपालको उपभोक्तावादी समाजको भविष्य अहिले एक गम्भीर मोडमा छ । बाहिरबाट हेर्दा आधुनिक देखिए पनि भित्रबाट खोक्रो छ र उधारोको जिन्दगी बाँचिरहेको छ । युवा विदेश पठाएर उनीहरूको रगत र पसिनाको मूल्यमा विदेशी सामान उपभोग गरि रहेको छ, जुन दीर्घकालीन छैन । अब नेपालले आफ्नो मौलिक आत्मनिर्भरताको बाटोलाई आधुनिक प्रविधिसँग जोड्दै रेमिट्यान्सलाई राष्ट्रिय पुँजी निर्माणको लागि प्रभावकारी नीति अवलम्बन गर्नुको विकल्प छैन ।

आसन्न निर्वाचनले केवल अनुहार मात्र होइन, नेपालको आर्थिक चरित्र बदल्ने नेतृत्व छान्न सक्नुपर्छ । नयाँ र पुराना दुवै दलहरूले लोकप्रियतावादको सस्तो राजनीति त्यागेर र मतदाताले पनि क्षणिक लोभभन्दा माथि उठेर उत्पादक समाज निर्माणको पक्षमा उभिनु नै आजको आवश्यकता र दायित्व हो । बिना उत्पादनको उपभोगले विनाशतिर लैजाने कुरालाई आत्मसात् गरेर अबको राजनीतिक कार्यक्रम उपभोगका लागि आयात होइन, आत्मनिर्भरताका लागि उत्पादन हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# 'कुमारी'लाई दर्शक प्रतिक्रिया : 'युवापुस्ताले हेर्नुपर्ने फिल्म'




काठमाडौं/प्रणय दिवसलाई लक्षित गरेर गत शुक्रबार (२३ माघ)बाट प्रदर्शनमा आएको लभस्टोरी फिल्म 'कुमारी'ले व्यापारमा सुधारका लागि बक्स अफिसमा संघर्ष गरिरहेको छ ।

अपेक्षा अनुसार फिल्मको व्यापार नदेखिए पनि दर्शकीय प्रतिक्रिया उत्साहजनक देखिन्छ । विशेषगरी युवापुस्ताले फिल्म मन पराएका छन् । कथावस्तुदेखि कलाकारहरूको अभिनयसम्मको प्रशंसा भएको छ ।

'कुमारी' हेरेका प्रायः दर्शकले युवापुस्तालाई फिल्म हेर्न आग्रह गरेका छन् । शनिबार फिल्म हेरेपछि एक युवतीले आफ्नो धारणा राख्दै भनेकी थिइन्, 'जब केटीले आफ्नो लागि अडान लिन थाल्छ, त्यो फिल्मको सबैभन्दा उत्कृष्ट पाटो हो । म युवापुस्तालाई फिल्म हेर्न आग्रह गर्छु । फिल्ममा प्रेमकथासँगै समाजको 'डार्क साइड'लाई पनि देखाइएको छ । फिल्म एकदमै राम्रो छ ।'

फिल्मले पीडामा रहेका महिलालाई सम्मान गर्नुपर्छ भन्ने सन्देश पनि दिएको दर्शकहरूको प्रतिक्रिया छ । फिल्मबारे एक महिला दर्शकले सञ्चारमाध्यमसँगको कुराकानीमा भनेकी छन्, 'यस्तो विषयमा बनेका फिल्मले समाजलाई अझ शिक्षित बनाउँछ । मलाई फिल्मको कथावस्तुदेखि कलाकारहरूको काम एकदमै राम्रो लाग्यो । यो सबैले हेर्नुपर्ने फिल्म हो ।'

'कुमारी'को प्रशंसा कन्टेन्ट क्रिएटरहरूले पनि गरेका छन् । एक महिला कन्टेन्ट क्रिएटरले 'डोको बुन्ने' गीत सुनेको भरमा फिल्म हेर्न जाँदा आफू सरप्राइज भएको बताएकी छन् । हिरोको लुक्सले 'सैयारा'को आभास दिलाएको बताउँदै उनले फिल्म हेर्दा आफूलाई धेरैपटक 'गुजबम्प्स' भएको उल्लेख गरेकी छन् । उनले महिलाहरूलाई एकपटक फिल्म हेर्न अनुरोध पनि गरेकी छन् ।

दिनेश राउतको निर्देशन र महेन्द्र अधिकारीको निर्माणमा बनेको यस फिल्ममा अभिषेक खड्का र आकृति राजभण्डारी मुख्य भूमिकामा छन् । फिल्म हेर्ने प्रायःले दुवैको अभिनय मन पराएका छन् । अझ अभिषेकको लुक्सको पनि प्रशंसा भइरहेको छ । फिल्ममा काकाको भूमिकामा अभिनय गरेका कलाकार मधु खड्का पनि दर्शकको नजरमा परेका छन् ।

# 'आ बाट आमा'ले उकास्यो बक्स अफिस, कमाइ ५ करोड नाघ्यो



काठमाडौं/गत मंसिर देखि नेपाली बक्स अफिस मौसमजस्तै चिसिएको थियो । यो बीचमा एक दर्जनभन्दा बढी फिल्म प्रदर्शनमा आए पनि कुनैले डेढ करोडमाथि कमाउन सकेका थिएनन् । यसले गर्दा फिल्म क्षेत्रमा निराशा छाएको थियो । अघिल्लो साता प्रदर्शनमा आएको पल शाह अभिनीत फिल्म 'आ बाट आमा'ले भने आशाको किरण छरेको छ ।

सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस तथ्यांकमा फिल्मको ९ दिन (२४ माघ)सम्मको व्यापार ४ करोड ८० लाख ९० हजार ४८७ रुपैयाँ ग्रस देखिएको छ । आइतबारसम्म फिल्मले ५ करोड २० लाख रुपैयाँ ग्रस कमाइसकेको छ । गत शनिबार मात्र फिल्मले १ करोडमाथिको व्यापार गरेको थियो । यसरी हेर्दा बक्स अफिसमा फिल्म आक्रामक देखिएको छ ।

प्रचारसहित २ करोडको लागतमा बनेको 'आ बाट आमा'ले लगानी उठाएर नाफा कमाउन अझै १ करोड ग्रस (साढे ६ करोड) व्यापार गर्नुपर्छ । त्यो हुँदा मात्र फिल्म 'हिट' कहलिनेछ । फिल्मको व्यापारिक रफ्तार हेर्दा उक्त आँकडा टाढा देखिँदैन । दोस्रो सातामा पनि फिल्मको व्यापार सुखद रहेकाले यसले १० करोडमाथि कमाउन सक्ने प्रक्षेपण गरिएको छ ।

'आ बाट आमा'ले उत्साहजनक व्यापार गर्दा पलको स्टारडम फेरि एकपटक उत्कर्षमा पुगेको छ । यस वर्ष ५ करोड कमाउने यो उनको दोस्रो फिल्म हो । यसअघि गत साउनमा प्रदर्शन भएको फिल्म 'मोहर'ले पनि ५ करोड माथिको व्यापार गरेको थियो । यो हिसाबले पलका लागि २०८२ साल फलदायी सावित भएको देखिन्छ । अब फिल्ममा उनको माग र पारिश्रमिक बढ्ने निश्चित छ ।

चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्ममा पलसहित विपना थापा, प्रदीप रावत (गजनी भिलेन), साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम लगायतको अभिनय रहेको छ । आमा र छोराको भावनात्मक सम्बन्धको कथामा आधारित फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,व प्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन् ।

# राष्ट्रिय आर्थिक गणनामा अनौपचारिक अर्थतन्त्र क्षेत्र समेट्न सुझाव

काठमाडौं/निजी क्षेत्रले आगामी आर्थिक गणनामा अनौपचारिक अर्थतन्त्रका क्षेत्रलाई गणनामा समेट्न सुझाव दिएको छ । राष्ट्रिय तथ्यांक कार्यालय र नेपाल उद्योग परिसंघबीचको छलफलमा यस्तो सुझाव दिइएको हो । छलफलमा दर्ता नभएका तर सञ्चालनमा रहेका व्यवसायलाई गणनाको दायरामा ल्याई अर्थतन्त्रको वास्तविक आकार पत्ता लगाउनेबारे छलफल भएको कार्यालयले जनाएको छ । साथै, तथ्यांक कार्यालय र परिसंघबीच छिट्टै समझदारीपत्रमा हस्ताक्षर गर्ने र अनुसन्धान तथा तथ्यांक विश्लेषणमा सहकार्य गर्नेबारे समेत छलफल भएको छ ।

कार्यक्रममा परिसंघ महानिर्देशक डा. घनश्याम ओझाले निजी क्षेत्रको तथ्यांक संकलनमा परिसंघले नेतृत्वदायी भूमिका खेल्ने बताए । सही तथ्यांक आएमात्र उद्योगी र सरकार दुवैलाई योजना बनाउन सहज हुने उनले बताए ।

परिसंघका २९ संस्थागत सदस्य र ५ सयभन्दा बढी आबद्ध सदस्य मार्फत जनचेतना फैलाउन सकिने उनले जानकारी दिए । तथ्यमा आधारित योजनाका लागि आफूहरू सहकार्य गर्न तयार रहेको उनको भनाइ छ । कार्यक्रममा उपप्रमुख तथ्यांक अधिकारी ढुण्डीराज लामिछानेले अर्थतन्त्र मापनका लागि आर्थिक गणना गर्न लागिएको बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मन्त्री थापाद्वारा खोप अभियान शुभारम्भ

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुरमा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध 'ह्युमन पाभिलोमा भाइरस' (एचपिभी) खोप लगाइने अभियान शुभारम्भ गरेका छन् ।

सोमबार जिल्ला जनस्वास्थ्य कार्यालयले सूर्यविनायकमा आयोजना गरेको खोप अभियान शुभारम्भ कार्यक्रममा मन्त्री थापाले खोप हस्तान्नरण गर्दै अभियानको सुरुवात गरेका हुन् । अभियान सफल पार्न सबैमा आह्वान गर्दै उनले सरकारले गतवर्ष र यसवर्ष नि:शुल्क खोप उपलब्ध गराएकाले खोप नछुटाउन आह्वान गरे । नेपालमा भयावह बन्दै गएको क्यान्सर रोगमा पनि पहिलो नम्बरमा रहेको पाठेघरको मुखको क्यान्सर रोगलाई निर्मल पार्न सरकारले सञ्चालन गरेको खोप अभियानमा कोही किशोरी छुट्न नहुने उनले बताए ।

मन्त्री थापाले नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण प्रत्येक दिन चारजनाको मृत्यु हुने गरेको तथ्यांक रहेको बताउँदै खोप अभियान सफल पार्न सरकारले अभियान सञ्चालन गरेको बताए । कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव एवं प्रसूति रोग विशेषज्ञ डा.सुमित्रा गौतमले नेपालमा पनि पाठेघरको मुखको क्यान्सर न्यूनीकरणका लागि लगाइने यो खोप शारीरिक सम्पर्क तथा यौनक्रियाकलापमा सक्रिय नहुँदैको अवस्थामा दिँदा प्रभावकारी हुने भएकाले १० देखि १४ वर्ष उमेर समूहलाई लक्षित गरिएको बताइन् ।



उनले महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर नेपालमा पहिलो स्थानमा रहेको र स्तन क्यान्सर दोस्रोमा रहेको बताउँदै बागमती प्रदेशका १३ जिल्लामा खोप अभियानलाई सफल बनाउन जिल्ला, स्थानीय तह र अन्य विभिन्न निकायसँग समन्वय गरी अभियान सञ्चालन गरेको बताइन् । कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयकी प्रमुख अञ्जना खड्काले भक्तपुरमा आजदेखि फागुन १ गतेसम्म सञ्चालन हुने खोप अभियानमा यसवर्ष ३५ वटा स्वास्थ्य संस्था एवं खोप केन्द्र र ८० वटा विद्यालयबाट भक्तपुरमा तीन हजार ८८१ जना किशोरीलाई खोप लगाइने बताइन् ।

जसमा कक्षा ६ मा अध्ययनरत तीन हजार ८४९ किशोरी, १० वर्ष उमेर समूहका १६३ र गत वर्ष खोप लगाउन छुट भएका ७ देखि १० वर्ष उमेर समूहका ३० जना किशोरीलाई खोप लगाइने भएको उनले बताइन् । फागुन १ गतेसम्मको अभियानमा छुटेका किशोरीलाई फागुन ४ र ५ गते खोप केन्द्रमार्फत खोप लगाइने प्रमुख खड्काले जानकारी दिइन् ।

**देशभरका तीन लाख ५० हजार किशोरीलाई खोप दिइने**

सरकारले देशका विभिन्न जिल्लामा आइतबारदेखि सुरु खोप अभियान फागुन १५ गतेम्म खोप अभियान सञ्चालन गर्नेछ । कक्षा ६ मा अध्ययनरत सबै र विद्यालय बाहिर रहेका १० वर्ष उमेरका तथा गत वर्ष खोप दिन छुटेका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत र विद्यालयबाहिर रहेका ११ देखि १४ वर्षका कुल तीन लाख ५० हजार ५०० किशोरीलाई एसपिभी खोप दिइने लक्ष्य राखेको स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका, बालस्वास्थ्य तथा खोप शाखाप्रमुख डा.अभियान गौतमले जानकारी दिए ।

पाठेघरको क्यान्सरको रोकथामका लागि अमेरिकाबाट सुरु भएको यो खोप नेपालमा गत वर्षदेखि फागुन २२ गतेदेखि अभियानकारुपमा लगाउन सुरु भएको थियो । एचपिभी खोपलाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले नै सुरक्षित घोषणा गरिसकेको यो खोप अमेरिकासहित १९४ देशमा प्रयोग भइरहेको बताइएको छ । गतवर्ष १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ६८८ बालिकालाई एचपिभी खोप लगाइएको थियो । खोप अभियानमा देशभर १५ हजार भन्दा बढी स्वास्थ्यस्वयंसेविका परिचालन भएका छन् ।

# हेटौंडा सडक विस्तार मुद्दाको सुनवाई फागुन १० को पूर्ण इजलासमा



साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ हेटौंडा बजारक्षेत्रको सडक बिस्तार सम्बन्धी मुद्दा पूर्ण इजलासमा सुनुवाईका लागि फागुन १० गते पेसी तोकिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना मल्ल र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले सुनुवाईका लागि पूर्ण इजलासमा पेश गर्ने आदेश भएको हो । सर्वोच्चले फागुन १० गते पेसी तोकेको छ । यसअघि मागेको मिसिल फाइल नआएकाले सडक विस्तारसँग सम्बन्धित निर्णयका मिसिल फाइल झिकाउन आदेश जारी गरी माघ १८ गते पेसी तोकेको थियो । माघ १८ मै न्यान्याधीश मल्ल र मुसमालनको संयुक्त इजलासले सुनवाईका लागि पूर्ण इजलासमा पेश गर्ने आदेश गरेको थियो । मुद्दाको तारेख आइतबारमात्र दिएको हो ।

सडक विस्तारका त्रममा आफ्नो घरजग्गा र सम्पत्ति सुरक्षाको माग गर्दै विन्दवासिनी कंसाकार सहितका स्थानीयले सर्वोच्चमा रिट दायर गरेका थिए । डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायतलाई विपक्षी बनाएर दर्ता गरिएको मुद्दामा गत मंसिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले विपक्षीका नाममा 'कारण देखाऊ आदेश' जारी गरेको थियो । सर्वोच्चले सडक विस्तारको कार्य तत्काल अघि नबढाउन 'अल्पकालीन अन्तरिम आदेश' दिएको थियो । सोही आदेशको निरन्तरता र अन्तरिम आदेशको विषयमा छलफल गर्न पटकपटक पेसी तोकिए पनि छैठौं पटकसम्म 'हेर्न नभ्याइने' तथा 'हेर्न नमिल्ने' सूचीमा पर्दै आएको थियो ।

हेटौंडा बजारको २५ मिटर सडक विस्तार गर्ने योजना अनुसार मंसिर २० मा बजारक्षेत्रका घर तथा टहरा भत्काइएको थियो । यो कार्यकोविरुद्धमा कंसाकार लगायतका स्थानीय सर्वोच्च पुगेका थिए । यो मुद्दामा रिट निवेदकले उचित मुआब्जा र कानुनी प्रक्रिया पूरा नगरी व्यक्तिगत सम्पत्तिमा क्षति पुऱ्याउन नहुने जिकिर गर्दै आएका छन् । हेटौंडाको मुख्य बजार क्षेत्रको २५-२५ मिटर सडक विस्तारका क्रममा मंसिर २० गते रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुल (महेन्द्र राजमार्ग) र बुद्धचोकदेखि चौकीटोल (त्रिभुवन राजपथ) सम्मको ९ दशमलव ५ किलोमिटरको सडक सीमाभित्र परेका पाँच सयभन्दा बढी घरटहरा डिभिजन सडक कार्यालयले घर भत्काएका कारणले हेटौंडाको मुख्य वजार अहिले अस्तव्यस्त छ ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरुप्रसाद अधिकारीले सर्वोच्चको आदेश नआएसम्म कार्यालय 'हात बाँधेर बस्न' बाध्य भएको बताए । सडक डिभिजन हेटौंडाले एसियन हाइवे निर्माणका लागि हेटौंडाको मुख्य बजारक्षेत्रमा निर्मित घरटहरा र संरचना हटाएर सडक विस्तारकार्य मंसिर २० गतेदेखि सुरु गरेर अहिले अदालतको आदेश कुरेर सडक विभाग बसिरहेको छ । सडकको केन्द्रबिन्दुबाट २५/२५ गजभित्र सडकको दाँयातर्फ २ सय ३४ वटा र बाँयातर्फ २ सय ९७ वटा घर टहरा र संरचना भत्काउनु पर्ने सूची रहेको छ । त्यसमध्ये अहिले करिब ५ सय संरचना भत्काउने काम भइसकेको छ ।

# कांग्रेसको निर्णयका कारण देश निर्वाचनमय बन्यो: डीना

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ नेपाली कांग्रेसमा निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले कांग्रेसको निर्णयका कारण देश निर्वाचनमय बनेको बताएकी छिन् ।

कांग्रेसको आयोजनामा हेटौंडामा भएको छुट्टाछुट्टै क्रियाशील कार्यकर्तासँगको भेटघाट तथा छलफल कार्यक्रममा उनले कांग्रेसले निर्वाचनमा जाने निर्णय गरेसँगै देश निर्वाचनतर्फ उन्मुख बनेको बताइन् । मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार उपाध्यायले मकवानपुरको समृद्धिको संकल्प बोकेर हिडेको बताउँदै कांग्रेसको जितले नै नागरिकको समृद्धिको सपनाले सार्थकता पाउने बताइन् ।

नयाँ र पुराना पार्टीको कुरा होइन कांग्रेसले निर्वाचन जाने निर्णय गरेपछि सबै राजनीतिक दल निर्वाचनमा जान तयार भएका हुन् कांग्रेस नेतृ डीनाले भनिन्, 'कांग्रेस त्यस्तो पार्टी हो जसले लोकतन्त्रको पक्षमा, देश र जनताको पक्षमा निर्णय गर्छ, नेपालको संविधानको रक्षाका लागि निर्वाचनमा जाने निर्णय गरेको हो ।' 'हामीले वर्तमान सरकार वैधानिक सरकार होइन भनेका थियौं तर, निर्वाचनले सहीमार्ग लैजान्छ भन्ने मान्यतासहित कांग्रेसले निर्वाचनमा जाने निर्णयपछि सबै दलहरु निर्वाचनमा जाने निर्णयमा पुगेका हुन्' उनले बताइन् ।




उनले अब नयाँ पार्टीको कुरा होइन कांग्रेसले जे निर्णय गर्छ त्यो निर्णयमा सबै पार्टी आउन पर्ने भन्दै नेपाली जनताको विश्वाससमेत कांग्रेसप्रति रहेको बताइन् । हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ र ६ मा भएको कार्यक्रममा कांग्रेस नेतृ डीनाले मकवानपुरको विकासका लागि आफूसँग मात्र दृढ ईच्छाशक्ति र सामर्थ्य रहेको भन्दै जनताको भावना बुझेर काम गर्ने स्पष्ट पारिन् । 'यही जमिनमा बसेर काम गर्ने संकल्प छ, नागरिकप्रति भएको अन्यायका विरुद्धमा लडेको हुँ, जनता र कार्यकर्ताको न्यायको लडेको हुँ, महिलाको अधिकारको लागि पनि लडेको हुँ' उनले भनिन्, 'महिला हराउने जिल्लामा यो जिल्ला गणना नहोस् ।'

नेतृ डीनाले पछाडि परेको वर्ग, समुदायको बोलेको छुँ, काम गरेको भन्दै कांग्रेसको जिल्लाको विकासका लागि कांग्रेसलाई जिताउन आग्रह गरिन् । हेटौंडा उपमहानगर पालिका वडा नं. २ का कांग्रेस वडासभापति भवसागर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य उमा दाहाल, केन्द्रीय प्रतिनिधि गीता सत्याल, जिल्ला निर्वाचन परिचालन समितिका संयोजक माइकल रामचन्द्र अर्याल, सदस्य अशोक शाक्य, हेटौंडा उपमहानगर पालिका-२ का वडाध्यक्ष विष्णु गोपाल महर्जनलगायतको उपस्थिति रहेको थियो ।

भेलामा हेटौंडा उपमहानगर पालिका-६ का कांग्रेस वडासभापति रामहरि तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला निर्वाचन परिचालन समितिका सदस्यहरु आनन्दराम पराजुली, रीता खनाल, क्षेत्र नम्बर १ का संघीय सभापति दामोदर खनाल, हेटौंडा-६ का वडाउपसभापति ठाकुरप्रसाद चौलागाई लगायतले बोलेका थिए ।

# बकैया १ मा नेकपाको प्रचारप्रसार कार्यालय उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/ मकवानपुरको बकैया गाउँपालिका-१ मा नेकपाको अगुवा कार्यकर्ता भेला तथा निर्वाचन प्रचारप्रसार कार्यालय उद्घाटन भएको छ ।

२०४६ सालदेखि नेकपा एमालेमा सक्रिय राजनीति गर्दै आएका कान्छालाल वाइबाले एमाले परित्याग गरी नेपाली कम्युनिष्ट पार्टी प्रवेश गरेका छन् । यससँगै बकैया गाउँपालिका विभिन्न वडामा घर दैलो अभियानसमेत सञ्चालन गरिएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार विजय गौतमले मकवानपुरको पूर्वीक्षेत्रका नागरिकले भोग्दै आएको अव्यवस्थित बसोबास र लालपुर्जा समस्यालाई साझा दु:खको रुपमा प्रस्तुत गरे । उनले पालिका जनप्रतिनिधिको पहलमा भूमिहीन दलित तथा निरपेक्ष गरिबीको रेखामुनि रहेका नागरिकका लागि लालपुर्जा तयार गर्ने प्रक्रिया अघि बढिरहेको भए पनि समस्या अझै विकराल रहेको बताए ।

'यो तपाईंहरुको मात्रै दु:ख होइन, यो हाम्रो दु:ख हो । मकवानपुरको पूर्वीक्षेत्रका सबै नागरिकको साझा दु:ख हो,' गौतमले भने, 'हरेक घरधुरी कुनै न कुनै रुपमा लालपुर्जा नभएको जग्गा भोगचलन गर्दै आएको छ । यसको स्थायी समाधानका लागि नीतिगत र कानुनी हस्तक्षेप आवश्यक छ ।' आफू कानुनको विद्यार्थी तथा वकिलसमेत रहेको उल्लेख गर्दै उनले सिंहदरबारसम्म यो मुद्दा पुऱ्याएर नीतिगत सुधारका लागि पहल गर्ने प्रतिबद्धता जनाए । 'म किसान परिवारमा जन्मिएको, यही भूगोलले हुर्काएको छोरो हुँ । भाइ, भतिज र आफ्नै मान्छे ठानेर विश्वासकासाथ मत दिनुहोस् । त्यो विश्वासलाई म मन, वचन र कर्मले कहिल्यै टुट्न दिनेछैन,' उनले भने ।

उनले मकवानपुरको पूर्वी क्षेत्रलाई नेपाली कम्युनिष्ट आन्दोलनको 'लालकिला' को रुपमा स्मरण गर्दै यहींबाट विजयको झण्डा फहराउने समय आएको दाबी गरे । 'बकैया, बागमती र हेटौंडाबीच राम्रो तालमेल गरेर अघि बढ्यौं भने हाम्रो विजयलाई कसैले रोक्न सक्दैन,' उनले जोड दिए । गौतमले आगामी फागुन २१ गतेसम्म ताराचिन्हमा मत हाल्न आग्रह गर्दै कार्यकर्तालाई घरघरमा पुगेर प्रचार गर्न आह्वान गरे । 'तपाईं नै विजय गौतम हो । हरेक घरमा मेरो प्रतिनिधि बनेर पुग्नुहोस् र भरोसाका साथ मत माग्नुहोस्,' उनले भने ।

## सञ्चारकर्मीलाई पत्रकार महासंघले भन्यो:

# सामाजिक सञ्जालको प्रयोगमा जिम्मेवार बन्नू

साझाकुरा संवाददाता

हेटौंडा, २६ माघ/नेपाल पत्रकार महासंघले जिम्मेवार भएर सामाजिक सञ्जाललगायतका विद्युतीय सञ्चार माध्यामको प्रयोग गर्न सञ्चारकर्मीलाई आग्रह गरेको छ ।

महासंघकी अध्यक्ष निर्मला शर्माले जिम्मेवार भएर सामाजिक सञ्जाललगायतका विद्युतीय सञ्चारमाध्यमको प्रयोग गर्न सञ्चारकर्मीलाई सचेत गराएकी हुन् । सोमवार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले पत्रकारले आफ्नो अनुसन्धानको काम नसकिदै सामाजिक सञ्जालमा त्यस्ता विषय सार्वजनिक गरिदिँदा प्रहरीको अपराध अनुसन्धानमा समेत नकारात्मक प्रभाव पर्ने भएकाले त्यसतर्फ सचेत हुनुपर्ने स्पष्ट पारिन् । अध्यक्ष शर्माले सञ्चारकर्मीलाई जिम्मेवार भएर सामाजिक सञ्जालको प्रयोग गराउनका लागि महासंघले देशभर यो सम्बन्धि अभियानको सुरुवात गरेको स्मरण गराइन् ।

'अहिले निर्वाचनको बेला मात्रै होइन । हरेक पत्रकारले आफ्नो समाचार कन्टेन्टमा मात्रै होइन, व्यक्तिगत डिजिटल प्लेट फर्ममा पनि हामी जिम्मेवार हुन जरुरी छ । किनभने अहिले युग नै डिजिटल प्लेटफर्म छिटो बढी प्रभावित हुने र हेर्ने कारणले गर्दा पत्रकारले पनि आफूले अनुसन्धान गरेको रिर्पोटिङ पूरा नहँदै सोसल कन्टेन्टमा लेख्ने कारणले पनि अपराध अनुसन्धानमा फरक पर्छ होला । त्यसकारण हामीले समाचार बनाउँदै मात्रै होइन, हाम्रा हरेक गतिविधिमा हरेक व्यक्ति सोसल प्लेटफर्म प्रयोग गर्दा जिम्मेवार हुनुपर्छ भनेर पत्रकार महासंघले त्यो खालको अभियान पनि देशभर सुरु गरेको छ' अध्यक्ष शर्माले भनिन् ।

महासंघले प्रहरीको अपराध अनुसन्धानमा सञ्चारकर्मीको सहकार्य अझै घनिभूत बनाउन आवश्यक रहेको पनि उनले बताइन् ।


## बागमती प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## जनस्वास्थ्य कार्यालय, मकवानपुर
हेटौंडा, नेपाल

## पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालनसम्बन्धी जनहितमा जारी सन्देश

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप सञ्चालन हुँदैछ। उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लिखित मितिमा खोप लागउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरू र विद्यालय नजाने १० वर्षका किशोरीहरूका लागि फागुन ०६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी. खोप लगाईदैछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग सम्पर्क राखौं वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं ।

**जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर**



## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने.

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।

यस्ता कार्य कानूनत: दण्डनीय हुन्छन् ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## बालविकास महिला सहजकर्ता (शिक्षक) आवश्यकता

*प्रकाशित मिति : २०८२/१०/२७*

यस श्री आधारभूत विद्यालय वागमती-२, शाखाटार, मकवानपुर मातृ विद्यालय कायम हुनेगरी बागमती- २, बतासेमा वालविकास कक्षा सञ्चालन गर्न बागमती गाउँपालिका भुरकुरे, मकवानपुरको च.नं. १२८३ मिति २०८२/१०/२५ को प्राप्त अनुमति पत्रानुसार प्रारम्भिक वालविकास सहजकर्ता (शिक्षक) पदपुर्तिको लागि इच्छुक उम्मेदवार हरुलाई दरखास्तको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल**

विज्ञापन नं. ०१/ २०८२
माग संख्या : १
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उत्तीर्ण गरेको
परीक्षाको किसिम : सामान्य परीक्षा, लिखित, मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन
तलब भत्ता : गाउँपालिकाको नियम अनुसार
दरखास्त दस्तुर : १,०००/- (एक हजार रुपैयाँ मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८२ फागुन १२ गते अपरान्ह ४:०० बजेसम्म
सम्पर्क मिति : २०८२ फागुन १३ गते बुधवार
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ

आवश्यक कागजातहरु:
१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु
२. नागरिकताको प्रतिलिपि
३. सम्पुर्ण कागजातहरुको २/२ प्रति
४. हस्तलिखित निवेदन १ प्रति
५. दरखास्त दस्तुर बैंकमा दाखिला गरेको सक्कल भौचर

*(नोट: यस विद्यालयको सानिमा बैंक कुरकुरेमा रहेको चल्ती हिसाव खाता नं. ०६२०१००१००००१४ थप जानकारीको लागि सम्पर्क नम्बर अध्यक्ष ९८४८४६६८२२, प्र.अ. ९८४५२९४४३९)*

**श्री आधारभूत विद्यालय**
बागमती गाउँपालिका-२, शाखाटार, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना